साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरूको साझा पत्रिका

वर्ष ४४ अंक १८ २०८२ मंसिर ९ गते मंगलबार (Nov. 25, 2025) मूल्य रू. १०/-


## बेगम बंगलादेशलाई मृत्युदण्ड सजाय



बेगम बंगलादेश अर्थात, बंगलादेशकी पूर्व प्रधानमन्त्री शेख हसिनालाई हिंसा चर्काएको भनी अदालतले 'मानवताविरूद्धको अपराध'मा मृत्युदण्ड सुनाएको छ।

१५ वर्षे शासक बेगमलाई २०२४ को जुलाई-अगस्टको विद्यार्थी विद्रोहका क्रममा ५ थरिका 'मानवताविरूद्धको अपराध' ठहर गरेको हो। विद्यार्थी दमनका विरूद्धको यो सजायले नेपालको जेनजी र अन्य आन्दोलनमा राज्यदमन गर्नेहरू थरहरि हुनपुगेका छन्। यसको असर पर्ने पक्का छ।

# द्वन्द्वपीडितको घेराउमा आयोग




२०६३ साल मंसिर ५ गते बृहद शान्ति सम्झौता भएपछि १० वर्ष लामो जनयुद्ध त समाप्त भयो तर द्वन्द्वपीडित परिवार दिनदिनै मरिरहेका छन्। उनीहरूको घाउ चहराइरहेको छ। सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग गठन भए, पदाधिकारी फेरिदै गए। आयोगमा ६५ हजारभन्दा बढी उजुरी परेका छन्। ती उजुरीले कहिले न्याय पाएनन्, उजुरी गर्नेहरूहरू २० वर्षपछि पनि पीडित छन्।

आयोगमा ठूला पार्टीका निकटस्थहरू आयुक्त बने, हाजीर गरे, सेवासुविधा डकारे गए। झण्डै २ अर्व खर्च भइसकेको छ, आयोगले माखो पनि मारेको छैन। पीडितहरूले आन्दोलन, प्रदर्शन गरिरहे, न्याय चाहियो भनिरहे, राजनीतिक दल र दलका सरकारहरूले एक कानले सुने, अर्को कानले उडाए।

यसपटक पनि मंसिर ५ गते द्वन्द्व पीडित समुदायले सडकमा प्रदर्शन गरे दिए, आयोग पुगेर धर्ना दिए। पीडित समुदायले आयोगका पदाधिकारीको राजीनामा माग गरे। शान्ति सम्झौता भएको २०औं वर्षगाँठको सन्दर्भमा द्वन्द्वकालमा भएका मानव अधिकार उल्लंघनका घटनाका पीडित समुदायले न्यायको माग गरेका हुन्, आयोगका पदाधिकारीले पीडितलाई कुनै जवाफ दिन सकेनन्, सबैको भागाभाग भयो।

पीडितहरू यति पीडित थिए कि उनीहरूले आफ्नो सुझाव लत्याएर, विधि र प्रक्रिया मिचेर तेस्रो पटक पनि दलीय भागबण्डा र नेताको खल्तीबाट गठित र राजनीतिक नेतृत्वबाट नियन्त्रित सत्य निरूपण तथा मेलमिला आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग तत्काल खारेज गर्न माग गरेका छन्। पीडितको आपत्तिका सन्दर्भमा कसैले पनि जवाफदेहीता लिन अग्रसर भएनन्।

विगत वर्षमा थुप्रै पीडितहरूको देहावसान समेत भइसकेको छ। द्वन्द्व पीडित समुदायले आफ्नो पीडा, आँशु र अन्यायको सम्बोधन गर्ने कुनै विश्वास र भरोसा नभएका आयोग हुनु वा नहुनुको के अर्थ भन्दै राजनीतिक दल, सरकारको पनि आलोचना गरेका छन्। पीडितको घाउमा कसैले मलम नलगाएको बताए। पीडितले आफ्नो जिम्मेवारी पूरा नगर्ने पदाधिकारीको तत्काल राजीनामा मागे पनि लाज पचाएर आयुक्तहरू लुकेका छन्। पीडितहरूको यस प्रदर्शनप्रति राष्ट्रिय मानवाधिकार आयोगको पनि ध्यानाकर्षण भएको छ। तथापि अति राजनीतिकरणले थलिएका आयोगहरूले विश्वसनीय काम गर्न सकेका छैनन्।

## राष्ट्रसंघमा ट्रम्पको योजना पारित



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको गाजा शान्ति योजनामा संयुक्त राष्ट्र सुरक्षा परिषद्ले पारित गरेको छ। यसपछि ट्रम्पले भनेका छन्- 'विश्वलाई धन्यवाद। यो संयुक्त राष्ट्र संघको इतिहासमा सबैभन्दा ठूलो अनुमोदन मध्ये एक हुनेछ। विश्वभर शान्ति बढाउने छ। यो साँच्चै ऐतिहासिक क्षण हो।'

संयुक्त राष्ट्र सुरक्षा परिषद्ले ट्रम्पको २०-बुँदे गाजा योजनासँग सम्बन्धित प्रस्तावको समर्थनमा मतदान गरेको छ जसमा अन्तर्राष्ट्रिय स्थिरीकरण बल गठन गर्न आह्वान गरिएको छ। यो प्रस्तावअनुसार इजरायल र इजिप्टसँग नजिकबाट काम गर्नेछ। यसले प्यालेस्टिनी प्रहरी बलसँगै सीमा क्षेत्रहरू सुरक्षित गर्न र हमास लगायत सशस्त्र समूहहरूलाई स्थायी रूपमा निशस्त्र गर्न मद्दत गर्नेछ। तर हमासले प्यालेस्टिनको अधिकारको माग पूरा नगर्ने भनेर बिरोध गरेको छ। यसबारे ट्रम्पको रणनीति प्रतिक्षाको विषय बनेको बताइन्छ।

यता रूसी राष्ट्रपति पुटिनको भारत भ्रमण विदेशमन्त्री जयशंकरले तय गरेका छन्। भारत-रूस २३औं वार्षिक शिखर सम्मेलनले के कस्तो अमेरिकाविरोधी रणनीति तय गर्ने हो, विश्वकै लागि प्रतिक्षाको विषय बनेको छ।

## ओलीलाई ईश्वरको चुनौती



मंसिर २७ देखि २९ मा हुने एमालेको ११औं महाधिवेशनमा अध्यक्ष पदका लागि केपी ओलीलाई बरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले चुनौती दिने भएका छन्। ओलीले भीम रावल र माधव नेपाल बनाइदिने सांकेतिक धम्की दिए पनि ईश्वर पोखरेलले स्वस्थ प्रतिस्पर्धा छाड्दिन भनेपछि केपी ओली सहमत हुन बाध्य भएका थिए। ईश्वर पोखरेल विद्या भण्डारी गुटका हुन्, ओलीले विद्यालाई रोक्न सफल भएका छन्। एमालेबृत्तमा विद्या भण्डारीको पक्षमा खुल्ने साहस देखिएन।

ओली र ईश्वर दुबै प्यानल बनाएरै चुनावमा जानेछन्। यद्यपि प्रदीप ज्ञवालीहरू यो विषम परिस्थितिमा एकतावद्ध भएर अघि बढ्न लविङ गरिरहेका छन् भने ओलीले सबैखाले बिरोधी तह लगाउन नेशनल भोलेन्टियर फोर्स बनाएका हुन्।

## सहकारी पीडित आन्दोलित




दर्ता गर्ने, सञ्चालन अनुमति दिने, साधारणसभामा सहभागी हुने, नियमन गरेजस्तो गर्ने सहकारी विभागले आफ्नो बचत रकम फिर्ता नगराएपछि सहकारी पीडितहरू आफ्नो बचत फिर्ता चाहियो भनेर पुनः आन्दोलित भएका छन्। चारवर्षदेखि आन्दोलित सहकारी पीडित आफ्नो बचत फिर्ता नपाएर कोही मरे, कोही भोकभोकै छन्, कोही अभरमा परेका छन्। पटक पटक अनसन, प्रदर्शन गरेका पीडितले शुक्रवारदेखि रिले अनशन सुरू गरेका छन्। अभियानका अध्यक्ष कुशलभ केसीले सहकारी पीडितहरूको बचत फिर्ता नभएसम्म आन्दोलन जारी रहने बताउँछन्। दुईपल्ट सम्झौता भयो, माग पूरा भएनन्।

मिटरव्याज पीडित, सहकारी पीडिक्त लघुवित्त पीडित, द्वन्द्वपीडित सबै सडकमा छन्। देश अराजक र अस्थिर छ, पीडितहरू अन्याय सहने बाध्यतामा छन्।

## बन्दुक बोक्ने हातमा गुलाफ



जनयुद्धको १० वर्ष बन्दुक बोकेका र जनयुद्ध समाप्त भएपछि पनि भूमिगत बसेर जनयुद्धलाई निरन्तरता दिएका बिप्लवको हातले अन्ततः गुलाफको फूल उठाए। २०८२ फागुन २१ गते चुनाव भयो भने संसदीय राजनीतिमा नयाँ चमत्कार देखिनेछ। यद्यपि उनले नेकपा (माओवादी) नामले पार्टी दर्ता गराएका छन्। नेकपाको चुनाव चिन्ह गुलाफको फूल हो। उनले पार्टी दर्ताको प्रमाणपत्र बुझेका छन्।

२०६२ मंसिर ५ मा बृहद शान्ति सम्झौता भएपछि बिप्लव बिद्रोही नै रहे। उनले २०६९ सालमा माओवादी विभाजन हुँदा मोहन वैद्य किरण समूहमा लागे भने २०७३ सालमा बिद्रोह गरेर आफ्नै नेतृत्वमा नेकपा पुनर्गठन गरेका थिए।

## जेनजी बिरूद्ध एमालेको फोर्स सकृय





एमालेले 'नेसनल भोलेन्टियर फोर्स' गठन गरेर सकृय पारेको छ। फोर्सका कमाण्डर पुष्पराज श्रेष्ठ वाईसीएल हुँदै एमाले प्रवेश गरेका गुण्डाका रूपमा चर्चा हुँदैछ। फोर्सले भनेको छ- सबैको ट्र्याक गरेको छ, कसैलाई छोडिन्न।

यिनी २०७५ भदौमा धम्क्याएर चन्दा उठाएको आरोपमा प्रहरीले पक्राउ गरेका व्यक्ति पनि हुन्। अहिले पनि फोर्सले धम्क्याउन र उठ्ती गर्न थालेको छ। प्रचारमा आएअनुसार पुष्पराज ४ वटा ज्यानमार्ने उद्योग, एउटा अपहरण र दुई वटा सार्वजनिक मुद्दामा सजाय पाएका व्यक्ति पनि हुन्। यिनी कहिले तत्कालीन माओवादी गृहमन्त्री रामबहादुर थापासँग र पछि केपी ओली निकट हुन पुगेका हुन्। उनलाई ओली निकट बनाएका महेश बस्नेतको ठूलो हात छ। ओलीको विश्वासपात्र महेशकै सिफारिसमा पुष्पराज नेसनल भोलेन्टियर फोर्सको नेतृत्व सुम्पिएका छन्। पुष्पराज अर्थात् चुनावअघि एमाले प्रतिरक्षात्मक बनेको हो।

एमाले संसद पुनर्स्थापना भएन र चुनावमा जानुपर्ने भयो भने चुनावमा जानकै लागि जेनजीविरूद्ध पुष्पराजको सुरक्षाघेरा निर्माण गरेको विश्लेषण भइरहेको छ। विश्लेषकहरू भन्छन्- नेपालका दुबै छिमेकी र विश्वशक्तिले समेत बधाई दिइसकेको यो सरकारले गराउने चुनावको बिकल्प सोच्नु गलत छ, चुनाव हुन्छ, हुन्छ।

## भुटानको बुद्ध कूटनीति



भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले गत ९ नोभेम्बरमा भुटानको दुई दिने भ्रमण गरेका थिए। भारतले भुटानलाई अहं महत्व दिएको छ र भुटान चीन वा पश्चिमी मुलुकतिर नलहसियोस् भनेर विशेष ध्यान दिने गरेको छ।

भारतले भुटानमा १०२० मेगावाट क्षमताको जलविद्युत परियोजनाको उद्घाटन गरेका थिए। भूटान नरेश जिग्मे खेसर नामग्याल वांगचुकसँग विशेष वार्तालाप पनि गरेका थिए। राजा नामग्यालले एयरपोर्ट नै पुगेर मोदीलाई विदाई गरेका थिए।

विशेष गरेर बुद्धको प्रतिमाका सामु उभिएर खिचेको यो तस्वीरले धेरै कुरा बोल्छ, अर्थपूर्ण पनि लाग्छ।

बुद्ध नेपालमा जन्मेका हुन् भनेर हामी गर्व गर्छौं। तर बुद्धलाई विश्वव्यापीकरण गरेर बुद्धको महत्व बढाउन र बौद्धपर्यटनमा हामी अझै पनि चुकेका छौं। बौद्ध मुलुक भुटनाले बुद्धलाई साक्षी राखेर बुद्ध कूटनीतिमा धेरै अघि बढेको छ तर हामी परम्परागत असंलग्नतादेखि बुद्ध कूटनीति दुबैतिर चुक्दै गएका छौं।

हरि मञ्जुश्रीको खोज

## यी हुन् : पोल्यान्डकी जोया



यी महिला पोल्यान्डकी जोया प्याट्रिजा रहिछन्। यिनी क्याथोलिक इसाई परिवारमा जन्मेकी रहिछन्। तर इसाईहरूको व्यवहार देखेपछि इसाईप्रति उनको मोह भङ्ग भएछ। उनी अध्यात्मतिर ढल्किछन्। त्यसपछि उनले कुरानको अध्ययन गरिछन्। तैपनि उनको मन भरिएनछ। अनि उनले उपनिषदको अङ्ग्रेजी अनुवाद पढिछन्। बल्ल उनलाई आफ्नो आध्यात्मिक घर भेट्टाएजस्तो लागेछ। त्यसपछि उनले सनातन वैदिक धर्मसँग सम्बन्धित ग्रन्थका अङ्ग्रेजी अनुवादहरू भेट्टाएसम्म पढिछन्। अनि अरूलाई पनि ती ग्रन्थ पढाउन थालिछन्। अचेल उनी 'हिन्दू फ्रम पोल्यान्ड' नामक ब्लग र 'हिन्दू धर्म सबैका लागि' भन्ने फेसबुक चलाउँदी रहिछन्। पोल्यान्डमा उनका ब्लग र फेसबुक लोकप्रिय रहेछन्। उनका कारणले पोल्यान्डमा हिन्दूहरूको सङ्ख्या बढिरहेको रहेछ।



## ॐ श्री सहस्त्रलिङ्ग देव्यै नमः





बैतडी - आउनुहोस हातेमालो गरौ तपाईंका सपना हामी पूरा गर्नेछौं। २०८२ साल शुद्ध साउन द्धितीया तिथि (साउन २६गते) का दिन धुमधामका साथ मनाइएको सहस्त्रलिङ्गको मूल मेलामा आउन नसकेका भक्तालुहरूलाई यस तीर्थधाममा पाल्नु भै जीवन धन्य बनाउन हार्दिक आव्हान गर्दछौं ।

यसवर्षको सहस्त्रलिङ्धाम रूद्री अभिषेक पुजापाठ पूजन मेला भएको थियो, हरेक दिन पूजापाठ भइरहेछ ।

शिव कुण्ड पिपल चौतारी मन्दिर व्यवस्थापन समितिले कुनै पनि दिन आउने भक्तालुका लागि विशेष प्रवन्ध गर्ने गरेको जानकारी गराइन्छ ।

जिल्लाको दशरथचन्द नगरपालिकाकोक्षेत्रमा पर्ने सहस्त्रलिङ्ग धामको पूजन मेलामा बैतडी डडेलधुरा पिथौरागढ सहित सुदूरपश्चिमका विभिन्न जिल्लाका साथै छिमेकी राष्ट्र भारतका विभिन्न क्षेत्रका भक्तजनहरूको पूजाआजाका लागि पुग्ने गरेका छन् । पवित्र मनले सहस्त्रलिङ्ग धामको दर्शन गर्नाले पुण्य मिल्ने, निःसन्तालाई सन्तान, सुख प्राप्त हुने र मनोकामना पूरा हुने जनविश्वास रहेको पं दुर्गा दत्त भट्टले बताउनुभएको छ । जो जसको मनमा पीडा छ, ती सबै पीडाको अन्त र मनोकाङ्क्षा पूरा गर्नका लागि सहस्त्रलिङ्गको पूजा गर्नुहोला ।

यस पवित्रधामको वर्णन अलौकिक छ । पुरातत्वविदहरूले समेत यस धामको संरक्षण र सवर्द्धन गर्नुपर्ने बताउँदै आएका छन् । यो धामको उचित संरक्षण र प्रचार गर्नसके धार्मिक रूपमा आन्तरिक र बाह्य पर्यटन विकासमा समेत ठूलो योगदान पुग्नेछ । सरकारले यसतिर विशेष ध्यान दिनुपर्छ, पर्यटन विकास समतिले पनि ध्यान दिनु जरूरी छ ।

स्थान शिव कुण्ड पिपल चौतारी देवलहाट बैतडी
सम्पर्क गणेश दन्त भट्ट
९८४८८८८८८८

---

## ॥ भूगोल र भाषा ॥



जीवनको मूलाधार हो भूगोल र भाषा
भाषा भूगोल विना हुन्न जीवन कुनै आशा ।
पाइला टेकाई हृदयको ढुकढुकीलाई खोल्ने
मनको भाव बटुलेर मुखमा ल्याई बोल्ने
जिम्दाहरू बिम्झे बाँच्छ अमरवाणी खासा ।
जीवनको मूलाधार हो भूगोल र भाषा ।
शुल्क तिराई लिपि अक्षर आफ्नै अंक फाल्ने
ज्यनवैरी हुन हाम्रो महान अस्तितत्वलाई ढाल्ने
त्रीकालको अनिवार्य जीवन जाग्ने ईशा ।
जीवनको मूलाधार हो भूगोल र भाषा ।
हामी हाम्रो हिमचुलीका जिम्दा जीवन धारा
भूगोल र भाषा जोगाई चम्कौं ध्रुव तारा
कस्ले दिन्छ आफैं गुमे चिम्टि  माटो मासा ।
भाषा भूगोल विना हुन्न जीवन कुनै आशा ।
जीवनको मूलाधार हो ...

*वशिष्ठधाम , निर्झर दिलचेत , सिन्धुवस्ती*

---

## पुनर्जागरणमा किन असफल ?



शेखर ढुंगेल

सबै धार्मिक आस्था (हिन्दु बौद्ध शिख जैन मुस्लिम इशाई आदि )उद्गम स्थल एसिया बिज्ञान र आयुर्बेद्को अग्रणी एसिया केहि हज्जार बर्ष कारणबस पछाडी परे पनि अब फेरी अगाडी बढ्दै गरेको देखिन्छ १. बिश्वभर हिन्दु बौद्ध मन्दिर गुम्बा हरूको निर्माणमा तिब्रता २. बिस्व भर सस्कृत र हिन्दि भाषाका स्कुल कलेज बिश्व विद्यालय स्थापनाको निरन्तरता ३. जापान सिंगापुर चीन ताइवान मलेसिया अरब राष्ट्र  भारत लगायतका देश हरूको आर्थिक सम्वृद्धि स्मरण रहोस चीन र भारत अत्याधुनिक शैनिक हतियार र बायुयान निर्माणमा अन्य देश लाइ पछाडी पार्न सफल भएका छन् ४. जनसंख्याको आधारमा एसिया सबै भन्दा ठुलो ५. दक्ष प्रविधिमा चीन र भारतको बिश्वमा अग्रणी भूमिका ।

हाम्रा सामु अनेक प्रश्नहरू उभिएका छन् । अनि हिन्दु र बौद्ध  धार्मिक आस्थाको उद्गमस्थल नेपालको किन यस्तो अबस्था ? किन यो स्तरको बौद्धिक दरिद्रता ?सोच्ने कहिले हामि न हिन्दुत्व बचाउन  सफल भयौ, न त् बुद्धत्व  ? किन अझै सन्तान र सम्पति पलायन गराउन प्रेरित छौ ? राष्ट्र प्रतिको जिम्मेवारीको बोध किन हुन् सकेको छैन ? किन आज देश असफल हुन् पुग्यो ? यसको जिम्मेवार पक्ष के के हुन् ? बहस र सहीमार्ग खोज्न र अपनाउन  ढिला नगरौ ।

---

# भ्रष्ट गणतन्त्रविरूद्ध नेपालका युवाहरूको विद्रोह

राष्ट्रको शासन प्रणालीलाई लोकतन्त्र, जनताको शासन, गणतन्त्र,समाजवाद, साम्यवाद आदि जुनसुकै नाम दिइए पनि सिर्फ नाम राख्दैमा त्यो प्रणालीले उक्त नामको अर्थ पूरा गर्छ भन्ने कुनै निश्चितता हुँदैन । कुनै नामले त्यतिबेलामात्र मूल्य पाउँछ जब प्रणालीले त्यस नामको सार्थकता व्यवहारमा प्रमाणित गर्छ । नेपालमा पटक-पटक भएको राजनीतिक परिवर्तनको क्रममा पहिल्यै प्रयोग हुँदै आएको प्रजातन्त्रलाई पछि २०४७ सालमा लोकतन्त्र भनियो ।

नागरिकशास्त्र र राजनीतिकशास्त्र पढेको भए पनि यी दुईका बीचको वास्तविक फरक मैले बुझ्न सकेको छैन । नाम किन परिवर्तन गरियो ? यसले के फाइदा दियो ? नयाँ नाम दिइएको लोकतन्त्रले पहिलेको प्रजातन्त्र नामले नदिएको के कुरा दियो ? आजसम्म यसको उत्तर मैले पाएको छैन ।

पछि २०६५ जेष्ठ १५ गते लोकतन्त्रलाई हटाएर गणतन्त्र भनियो । यो शताब्दीयौं पुरानो राजतन्त्र विनाको नयाँ प्रणाली भएको र यसैको नाम गणतन्त्र भएको भन्ने अनुमान त जोकसैले गर्न सक्छन् । तर यो ब्यवस्थाले पनि दशकौं बितिसक्दा पनि कुनै फल दिएको छैन । नयाँ गणतन्त्र नामको गाईले राजतन्त्र, प्रजातन्त्र, वा पञ्चायती प्रणालीभन्दा बढी "दूध" दिएको छैन । मुलुकमा राम्रो शासन, विकास, जनसेवा, सस्तो खाद्यान्न वा आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउनुको सट्टा, यसले हरेक कार्यालयमा घुसबिना कामै नहुने अवस्था बनाइदिएको छ । कसैको हातमा केही नदिई बा ठूलावडासँग सम्पर्क सम्बन्ध नभई कुनै कामै नहुने स्थिति मुलुकमा बनेको छ । यसबाट यस्तै भ्रष्ट खराब प्रणालीको साँचो नाम "गणतन्त्र" भन्ने अर्थ जनमानसमा परेको देखिन्छ ।




पहिले गाँसवास र कपासको समस्यामा रहेका अर्थात गरिबीमा रहेका कतिपय सामान्य मानिसहरू, लोकतन्त्र र गणतन्त्रअन्तर्गत नेता बनेपछि सुखसयलले खानपाई मोटाएका सुंगुर, बङ्गुर जस्तै धन सम्पतिले मोटाएका धेरै ब्यक्तिहरू मैले आफ्नै आँखाले देखेको छु । उनीहरूको घमण्ड, बडकपन, जीवनशैली तानाशाह राजा-महाराजाहरू वा राणा प्रधानमन्त्रीहरू भन्दा कम देखिन्दैन। गरीब जनताले आफ्नो पीडा, दुःख र अन्याय सुनाउन जाँदा यिनीहरूलाई भेट्ने फुर्सद उनीहरूलाई हुँदैन । त्यस्ता भेट्न जानेहरूको कथन सुन्दा मलाई लाग्छ–यही रहेछ गणतन्त्र !

तर यस्तो प्रणाली नै किन आवश्यक पऱ्यो भन्ने प्रश्न गरयो भने हाम्रो देशमा यस्तो प्रश्न गर्ने कसैलाई पनि लोकतन्त्र र गणतन्त्रका करोडौं अनुयायी र भक्तहरूले प्रतिक्रियावादीको नामाकारण अर्थात आक्षेप लगाइदिन्छन् । यस्तो संकुचित मान्यता र अन्धभक्तिका कारण कहिलेकाहीँ मलाई सत्य बोल्न पनि डर लाग्छ ।

मेरो सामान्य दिमाग, साधारण सोच र सीमित ज्ञानले विचार गर्दा हाम्रो मुलुकमा यस्तो वातावरण किन र के कारणले हुन गयो ? मलाई बुझ्न गाह्रो पर्छ । कुनै राजनीतिक नाम वा दर्शनप्रति मैले कहिल्यै न त अत्यधिक प्रेम राखेँ, न घृणा । राजतन्त्र, संवैधानिक राजतन्त्र, प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र–नाम जुनसुकै होस्, यदि प्रणालीले मानवअधिकार, वाक-स्वतन्त्रता, समानता, न्याय, र भ्रष्टाचारमुक्त विकास तथा समृद्धि सुनिश्चित गर्छ भने त्यसका विरूद्ध लड्नुपर्ने वा विरोध गर्न पर्ने कुनै आवश्यकता म देख्दिनँ । तर यी कुराहरू नभए–राजतन्त्रमाहोस् या पञ्चायत, लोकतन्त्र होस् या आजको गणतन्त्र म मान्न सक्तिन–यसको बिरूद्ध नवोली नलेखी म मौन बस्न संक्दिन । त्यसैले मैले लेख्दै आएको छु विरोधका लेखहरू–भनिरहेछु कि नाममा गणतन्त्र भए पनि व्यवहारमा यो "लूटतन्त्र" बाहेक केही होइन ।

विशेष गरी पछिल्ला पाँच वर्षमा, मैले People's Review नामक अंग्रेजी साप्ताहिकमा २३० भन्दा बढी लेख लेखिसकेको छु– मेरो विरोधको जिउँदो प्रमाण । तर यतिका वर्षपछि पनि, मेरो देशमा अझै मेरो लेखको दिशामा कुनै परिवर्तन नभएको देख्दा कहिलेकाहीँ आफूलाई आफैले भन्छु– मेरो विचार र शब्दहरू बेकार रहेछन्, मेरो ज्ञान 'म्याद गुज्रिएको औषधि' जस्तै कुनै असर र प्रभाव नपार्ने वेकामको भएको रहेछ । यसको कुनै उपयोग, मूल्य, र आवश्यकता छैन। मैले यसरी लेख लेखिरहनुको कुनै अर्थ छैन ।

यसै क्रममा मैले अचानक २०२५ सेप्टेम्बर ९ र १० मा देशमा भएको बिद्रोह देखे । यो वेला लोकतन्त्र र गणतन्त्रका नेता र कार्यकर्ताहरू बिरालो देखेपछि दुलोमा पसेका मुसाहरूझैं, वा बाघ देखेर तर्सिएका मृगहरूझैं तितरबितर भएको देखें । झनै आश्चर्य त तब लाग्यो जब थाहा भयो– यो बिद्रोह युवा पुस्ताले– जसलाई आज Gen Z भनिन्छ– नेतृत्व गरेको रहेछ । भर्खर भर्खर वयस्क हुँदै गरेका, युवावस्थाको प्रवेशद्वारमा भर्खर भर्खर उभिएका युवाहरू ! यो त केवल आश्चर्यजनक मात्र होइन–मलाई अत्यन्त आश्चर्यजनक लाग्यो । ८२ वर्षे मेरो बृद्ध मन र मस्तिष्कभित्र बसिरहेका बिद्रोहका आवाजहरू आज मेरा उमेर भन्दा तीन-चौथाई भन्दा कम उमेरका युवाहरूको मनमा उम्लिएको देख्दा, मलाई आश्चर्यसँगै एक किसिमको आनन्द पनि लाग्यो । मेरो बृद्ध बिद्रोही मनमष्तिष्क र भावनासित नबयुवकहरूको भावना मिलेको पाउँदा म खुसी भएँ । हर्षित भएँ ।

मलाई लाग्यो मेरो अन्तस्करणले मात्र होइन, यी युवक-युवतीहरूले पनि आजको लोकतन्त्र र गणतन्त्रवाट फैलिएको भ्रष्टाचार, लुट, कुशासन, अव्यवस्था, नातावाद, कृपवाद,पक्षपातलाई सहन सकेनन् । तर हामीले बुझनु पर्छ र नढाटी भन्नुपर्छ–यो भ्रष्ट प्रणाली केवल भ्रष्ट नेता-कार्यकर्ता र तिनका दलालहरूको कारणले मात्र टिकेको जरूर होइन । बहुसंख्यक नागरिकहरूले ती भ्रष्ट नेताहरूको विगतको खराब बा राम्रो कामको कुनै मूल्पाङ्कन नै नगरी पुनः-पुनः उनैलाई भोट दिएर जिताउने जनताको कुबुद्धि र अज्ञानताले पनि यस्तो स्थिति आएको भन्ने सत्यता बुझन पनि उतिकै आवश्यक देखिन्छ । कसले कति राम्रो गरे ? कति बिगारे ? भन्ने विषयमा कुनै सोचविचार र मूल्याङ्कन गर्ने चलन नै मुलुकमा देखिएन ।

व्यक्तिगत लाभ वा चिनजानका आधारमा भोट हाल्ने सत्य-असत्य, धर्म-अधर्म, सही-गलत कुनै नछुट्याउने वा छुट्याउनै नसक्ने लाखौं स्वार्थी वा अज्ञानी नागरिकहरूको कारण पनि देश यस किसिमको अधोगतिमा पुगेको भन्ने कुरा सबैले बुझ्न पनि उतिकै जरूरी देखिन्छ । जनताको सेवा र सुबिधा, सुशासन र विकासको आकर्षिलो नारा जनतालाई देखाई घुसखोरी र कुकर्ममा लाग्ने ठूला नेताहरूको कुकर्ममा आँखा चिम्ली ब्यक्तिगत फायदा र लाभको आशाले दास बन्ने वहुसंख्यक सांसदहरूको अनैतिक क्रियाकलापले पनि देशमा असहय विकृति फैलिएको भन्ने कुरा पनि अव सवैले बुझ्नु पर्दछ॥साथै भ्रष्ट नेताहरूले गणतन्त्रको नाम अघिसारी आफुखुशी गर्न सक्ने मनपरी चलाउन सुविधा हुने गरी संविधान, ऐन, कानूनमा घुसाइएका प्रावधानहरूले गर्दा पनि बिना डरभर मनपरी गर्न सकेको सत्यता बुझ्न पनि उतिकै आबश्यक छ । यिनै कारण पनि लोकतन्त्र र गणतन्त्र दुरूपयोग हुँदै लूटतन्त्रमा परिणत भएको भन्ने कुरा बुझी जनता आफै सजग हुन पर्ने पनि समयले माग गरेको छ ।

बिद्रोहपछि आज देशमा सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार छ, जसले संविधान र प्रणाली परिवर्तनको आवश्यकता देख्दैनन् । अर्कोतिर थरी थरीमा विभाजित बिद्रोही जेन जी को जमात छ जसले पकाउदै नपकाई दाल, भात र नेपाली खाना तयार हुने र खाना पाउने आशा गरे जस्तै संविधान संशोधन नगरिकनै राम्रो शासन र राम्रो सरकार आउने र पाउने विश्वास गरेका छन्।त्यसैले संविधान उही, प्रणाली उही छ। दलहरू उही, नेता-कार्यकर्ता उही, शक्ति समूह उही। यस्तो अवस्थामा कुशासनलाई बढावा र टेवा दिने र दिन सक्ने संविधान, ऐन, कानूनको प्राबधान उही हुने निश्चित छ । यस्तो अवस्थामा जस्तो सुकै सुशासनको प्रतिवद्धता देखाएपनि अब हुने चुनाबवाट नेपालीहरूले राम्रो शासन वा वास्तविक लोकतन्त्र पाउने अपेक्षा गर्नु न त व्यवहारिक छ, न बुद्धिमानी ।

जन-हितैषी, सुव्यवस्थित र प्रभावकारी लोकतन्त्र स्थापना गर्न संविधान संशोधन र राज्य पुनःसंरचना अपरिहार्य छ । यी कामहरू नगरी यो लक्ष्य पूरा हुनै सक्दैन। अर्को तर्फ यस स्थितिमा सुधारगर्न खोजिएपनि आफ्नो स्वार्थ-सुविधा हराउने डरले विभिन्न प्रकारका अत्तोथापी पुराना भ्रष्ट राजनीतिक शक्तिहरू अवश्य प्रतिरोध गर्छन्। जबसम्म यो यथार्थको उचित ब्यवस्था हुँदैन–कुनै पनि आदर्श वा उच्च उद्देश्य पूरा हुँदैन । लाखौं लाख पार्टी कार्यकर्ताहरू भ्रष्ट नेताहरूका अन्धभक्त र दास बन्न छोडेर, राष्ट्र र जनताको सच्चा सेवक र योद्धा बनी सत्य र आदर्श सिद्धान्तको पक्षमा उभिने स्थिति देखा पऱ्यो भने कुरा अर्कै । त्यतिबेला भने मुलुक सही वाटोमा बदलिन सक्छ । नत्र गणतन्त्र त पहिलेझैं नामको गणतन्त्र र कर्मको लूटतन्त्र नै रहिरहनेछ ।

अब हेर्न बाँकी छ–नेपालको भाग्यमा के लेखिएको छ ? हामी साँच्चिकै कल्याणकारी, सुसंस्कृत लोकतन्त्रमा बाँच्नेछौं ? कि नेता-कार्यकर्ताहरूले मात्र मोजमज्जा गर्ने रमाउने तर जनताले पीडा मात्र भोग्ने, लूटतन्त्रको यथास्थितिमै रहिरहनेछौं ?

narayanshanti70@gmail.com






# गजल, कविता, मुक्तक, पुस्तक समीक्षा, समाचार

## मेरी आमा

आमाको रगतमा लतपतिएर जन्मेको म,
धेरै पीडा, धेरै आँसु सँग बोकेको म।
साँच्चै सानो, साँच्चै कमजोर,
तर हरेक चोटपछि फेरि उठ्ने म।
सासमा आमाको आत्मा, हृदयमा प्रेम,
संसारसँग लड्दै, जीवनसँग गफ गर्दै।
अन्धकारले घेऱ्यो भने पनि,
अगाडि बढ्ने उज्यालो लिएर म।
जन्मेको अर्थ बुझ्दै,
आमाको रगतले दिएको शक्ति लिएर,
म आफ्नो बाटो खोज्दै हिँडिरहेँ।
जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी।



**जनार्दन सुवेदी**

## कविता : घर



**ज्योतिकिरण**

मैले भुल्दै गरेका
पुर्ख्यौली खेतका खलाहरूमा,
र,
आज डुल्दै गरेका आधुनिक सहरका गल्लिहरूमा
पर्गेल्नै नसक्ने फरकहरू छन् मेरा निम्ति,
तर पनि म,
फरकहरू बीच फरक छुट्याउँदै छु,
म र मेरा पुर्खाबीचको भड्खालो पुर्न
एउटा नयाँ सूर्य खोज्दैछु।
तँ के गर्छस हौ सहरमा ?
प्रश्नमा,
सहरप्रति ठूलो त्रास छ मानिसमा,
सिङ्गै सहर आफैमा व्यस्त बेरोजगार छ,
म,
व्यस्त बेरोजगार सहरको गल्लीमा
रोजगार हुने प्रयत्न गर्दै
हजुरबाले जोडेको पुरानो खेत सम्झन्छु,
मेरा बाले खरले छाएको घर र छानु सम्झन्छु,
अनि
आफू साँझ परेपछि डेरा फर्कने कुरा बिर्सिएर
कहिलेकाहीँ,
घर हिँडिरहेको हुन्छु अचेल
बाको घर !
हजुरबाको घर !
नयाँ मान्छे भेट हुने बित्तिकै सोध्छन्
'हजुरको घर चाहिँ कता नि ?
आगो र धुवाँको मुस्लो भित्र
सिमानाविहीन बन्दै गएको
सिङ्गै धर्ती बिर्सिएर
घर सोध्छन मान्छेहरू,
मलाई हाँसो लाग्छ।

मान्छेलाई कस्तो तनाव है घरको ?
जसलाई इतिहासको चिन्ता छैन,
जसलाई
स्वाभिमानको भग्नावशेषले पनि घोच्दैन
एक चुलो आगोको जोहोमा,
देश पोल्न तयार हुने
खरानीका दुष्ट मालिकहरू भन्दा पर
मेरो आफ्नै पाइला छ,
मेरो आफ्नै सपना छ देशसँग।
तर
उसलाई मेरा कुनै पाइला र सपनासँग जिज्ञासा छैन
केवल घर को चिन्ता छ दुनियाँलाई
तर
दुनियाँ नै घर बिहिन बन्दै गएको भुलिरहेछ मान्छे
कहिले काहीँ म पनि घर हिँडिदिन्छु
दुनियाँका निम्ति, र,
म पनि पुग्छु कहिले काहीँ घर,
'बा' को घर !
त्यही पुरानो हजुर 'बा' को घर।

## धामी र ज्ञवालीको पुस्तक विमोचन

साहित्यिक पत्रकार संघ (सापस) द्वारा आयोजित कवि किशनसिंह धामीद्वारा लिखित कविता सङ्ग्रह 'सम्बोधनमा छोरी' र डा. हिरण्यलाल ज्ञवालीको समालोचनाकृति 'एटलान्टिकका भँगालामा डुबुल्की मार्दा' को लोकार्पण सम्पन्न भएको छ। नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्व उपकुलपति साहित्यकार विष्णुविभू घिमिरेको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो।

सभापति लेकालीले आमन्त्रित अतिथिहरूको स्वागत गर्दै साहित्यकार किशनसिंह धामीको योगदानको चर्चा गर्नुभएको थियो।

प्रमुख अतिथि विष्णुविभू घिमिरेले दीप प्रज्ज्वलन गरेर कार्यक्रमको उद्घाटन गर्नुभएको थियो।

कार्यक्रममा समालोचक डा. हिरण्यलाल ज्ञवालीले लेख्नु भएको समालोचनाकृति 'एटलान्टिकका भँगालामा डुबुल्की मार्दा'बारे वरिष्ठ समालोचक प्रमोद प्रधानले समीक्षात्मक मन्तव्य राख्दै ज्ञवालीले कृतिका माध्यमबाट किशनसिंह धामीको कवितायात्राबारे प्रकाश पार्नुभएको बताउनुभयो।

कवि किशनसिंह धामीको कविताकृति "सम्बोधनमा छोरी" बारे वरिष्ठ समालोचक प्रा. डा. लक्ष्मणप्रसाद गौतमले समीक्षात्मक मन्तव्य राख्दै छोरी हुनेहरूले कृति पढ्नैपर्ने धारणा राख्नुभयो।

कार्यक्रममा प्रमुख अतिथि विष्णुविभू घिमिरेले लेखक र कविद्वयप्रति शुभकामना व्यक्त गर्दै नेपाली साहित्यमा समयान्तर हिसाबले विभिन्न विधाले फड्को मार्दै तीव्रगतिले अघि बढिरहेकोमा प्रसन्नता व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा विशेष अतिथिहरू नेपाल स्रष्टा समाजका अध्यक्ष श्रीओम श्रेष्ठ "रोदन", समालोचक डा. हिरण्यलाल ज्ञवाली लगायतले मन्तव्य राख्नुभएको थियो।

कवि सन्ध्या पहाडीले कवि धामीको लोकार्पित कृति "सम्बोधनमा छोरी" कृतिबाट कविता वाचन गर्नुभएको थियो।

## याङरूप : उपन्यास




नेपाली साहित्यमा थुप्रै सामाजिक यथार्थवादी उपन्यासहरू लेखिएका छन्। पछिल्लो समय उपन्यासकार ज्ञानु बूढाथोकीद्वारा लिखित उपन्यास 'याङ् रूप' सिद्धान्त नै सामाजिक यथार्थवादी धाराबाट प्रेरित हुनुले आजको सामाजिक जीवनकालागि हिजोको सामाजिक यथार्थलाई बुझाउने विशिष्ट कडीको रूपमा देखा परेको छ। लेखनको मूल विषयवस्तु समुदायको जीवनशैली, परम्परा, संस्कृति र त्यहाँको सामाजिक-आर्थिक अवस्थामा केन्द्रित छ। यसमा विशेषगरी 'याङरूप' (जसको अर्थ लिम्बु भाषामा 'गाउँ' वा 'बस्ती' हुन्छ) भन्ने पूर्वीनेपालको पहाडी भूगोललाई मुख्य परिवेश बनाइएको छ। गाउँले जीवनका साना ठुला सुख-दुःख र सरल तथा जटिल पक्षहरूलाई यथार्थ ढङ्गले प्रस्तुत गरिएको छ। समाजको परम्परागत मूल्यमान्यता र आधुनिकीकरणको द्वन्द्व, गरिबी, अशिक्षा र चेतनाको अभावमा अन्धविश्वासले निम्त्याएका समस्याहरूलाई कलात्मक रूपमा उठाइएको छ। धामी झाँक्री, देखि चाडपर्व, रीतिरिवाज र उनीहरूको विशिष्ट पहिचानलाई कथामा समेटिएको छ।

उपन्यासको विशेषता: :

'याङरूप' उपन्यास ज्ञानु बुढाथोकीद्वारा लिखित एक सामाजिक तथा यथार्थवादी उपन्यास हो। यस उपन्यासमा विशेषगरी पूर्वी नेपालको पहाडमा अवस्थित समुदायको सामाजिक, सांस्कृतिक र आर्थिक जीवनलाई नजिकबाट चित्रण गरिएको पाइन्छ। उपन्यास भित्र समाजमा विद्यमान चालु घटना, रीतिरिवाज, परम्परा, संस्कार, रहनसहन, आचरण र व्यवहारको इमान्दारीपूर्वक यथातथ्य वर्णन गरिएको छ। सामाजिक यथार्थवादी धाराको दृष्टिकोणबाट सामाजिक जीवनको जटिलतालाई प्रस्तुत गरिएको यो उपन्यासमा सामाजिक समस्याको प्रमुखता गरीबी, शोषण, दमन, लैङ्गिक विभेद, जातीय भेदभाव, अन्धविश्वास, विकृति, नैतिक पतन जस्ता समसामयिक सामाजिक समस्याहरू मुख्य विषयवस्तु बनेर आएका छन्। जटिल सामाजिक समस्याहरूको यथार्थ प्रस्तुति प्रदर्शन गर्नु यस उपन्यासको प्रमुख उद्देश्य रहेको देखिन्छ।

वर्गीय र प्रतिनिधि पात्रहरूको प्रयोग:

उपन्यासका पात्रहरूले निश्चित सामाजिक वर्ग समूह र मनोवृत्तिको प्रतिनिधित्व गरेका छन्। पूर्णिमा, माल्दाइ,सदसे काका, होक्सिरी बाबै, सचिव भिनाजु , जेठाबा, बास्कोटा वडाउ,कान्छाउ, साइँली, मैया, भद्रिका, कान्छी, राममायाँ,लाहुरे काका, प्रधानपञ्च, यामे, बाँझोघरे सुब्बा, चन्द्रमाया, जस्ता सबै पात्रहरू स्वतन्त्र, सक्रिय र सजीव भई समाजसँगको सङ्घर्षमा क्रियाशील देखिन्छन्। पात्रहरूको मानसिक, सामाजिक र आर्थिक अवस्था बिचको अन्तरसम्बन्ध अत्यन्त पारदर्शी देखिन्छ। सामाजिक कुरीति, विकृति, विसङ्गति र शोषणको संकटलाई समाजबाट निर्मूल गर्नुपर्ने चाहना उपन्यासमा अभिव्यञ्जित भएको छ। उपन्यासका पात्रहरू जीवन्त र स्वाभाविक छन्। उनीहरूले तत्कालीन समाजको प्रतिनिधित्व गर्छन्। जीवन व्यवहारका संघर्ष र कठिनाइहरूसँग अन्तर्घुलनमा रहेका पात्रका चरित्रहरूको मनोविज्ञान र उनीहरूका आन्तरिक सङ्घर्ष, गरिबी र ग्रामीण समाजको सम्बन्धलाई गहिराइमा देखाइएको छ। जसले गर्दा पाठकहरू उनीहरूसँग भावनात्मक रूपमा जोडिन सक्छन्।

यथार्थपरक र सरल भाषा:

लेखकले सरल भाषा शैलीलाई प्रमुखताका साथ प्रयोग गरेका छन्, जसले कथालाई अझ विश्वसनीय र आञ्चलिक बनाएको छ। कथाको शैली यथार्थपरक छ, जसले नेपालको पूर्वी पहाडमा अवस्थित समाजको जनजीवन र रहनसहनको वास्तविक चित्र पाठकको सामुन्ने प्रस्तुत हुन सकेको छ। समाजको वास्तविक चित्रण गर्नका लागि सरल, सहज र बोधगम्य भाषाको प्रयोग हुनु र आम मानिसले दैनिक जीवनमा प्रयोग गर्ने चलनचल्तीका शब्दहरू र छोटा वाक्यहरू ले उपन्यासलाई बढी सम्प्रेषणीय बनाएको छ।

भाषामा कृत्रिमता भन्दा स्वाभाविकता देखिन्छ भने। उपन्यासका पात्रहरूको वर्ग, लिङ्ग, भूगोल, शिक्षा र सामाजिक हैसियत अनुसार फरक-फरक भाषिक शैलीको प्रयोग भएको पाइन्छ। पात्र विशेषको भाषा औपचारिक र मानक छ भने वर्गीय पात्रको भाषामा अमानक क्षेत्रीय भाषिकाहरू र थेगोहरूको समेत प्रयोगले यथार्थता थपेको छ।

पात्रहरूको संवादले उनीहरूको सामाजिक पृष्ठभूमिसँग मेल खाएको छ। भाषा शैली प्रत्यक्ष, स्पष्ट र विचार सम्प्रेषण गर्न सक्षम देखिएको छ।

विषय वस्तु:

विषयवस्तुका हिसाबले उपन्यासले अत्यन्तै विशिष्ट पृष्ठभूमि तयार गरेको छ। मुख्यत यो उपन्यासमाथि कुनै दिन शोध गर्न चाहने विद्यार्थीहरूका लागि यहाँ धेरै विषयहरू रोज्न सकिने अवस्था छ। ग्रामीण समाजमा एकल महिलाको अवस्था, बाल्य अवस्थामा नै अभिभावक गुमाएका बालबालिकाको स्थिति, गरिबी भित्रको सामाजिक सम्बन्ध, ग्रामीण जीवनले प्राप्त गर्ने सामाजिक अपनत्व वा समाजको वैदिक संस्कृती र धामीझाँक्री, जस्ता दर्जनौं शीर्षकका विषयहरू उठान गर्न र अध्ययन अनुसन्धानका सयौ प्रश्नहरू र शक्तिशाली तर्क वितर्कहरू प्रस्तुत गर्न सकिने अवस्था छ।

सुझाव:

उपन्यासमा सामाजिक यथार्थ चित्रण गर्दा कलात्मकता र रोचकता गुम्ने खतराको जोखिममा परेको वास्तविकतालाई लेखकले स्वीकार्नु पर्ने देखिन्छ।

अन्धविश्वासको शिकार भएको समाजमा पैदा हुने भाग्यवाद र भाग्यवादमा आकर्षित जीवनदृष्टिप्रति आवश्यक सुधार र प्रतिरोधको कमी हुँदा उपन्यासको मूल मर्म नै निसास्सिने समस्यालाई गहिरो बोध गर्नु पर्ने देखिएको छ। गरीबी, अभाव र विपन्नताले मात्र होइन, दमन, असमानता, विभेद, आशङ्का र पश्चात्तापजन्य मनोभावको विकृतिले समेत मानसिक विक्षिप्तताको अवस्थासम्म पुऱ्याउँछ।

उपन्यासमा पात्रको मानसिक समस्या र सामाजिक-आर्थिक अवस्थाको जटिल अन्तरसम्बन्धलाई सूक्ष्म रूपमा केलाउन सहज भए पनि त्यसको सैद्धान्तिक प्रष्टता र औचित्य स्थापित गर्नुपर्ने चुनौती देखिन्छ। सामाजिक उपन्यास समाजलाई बुझाउने र बदल्ने एक शक्तिशाली बौद्धिक हतियार हो, तर यसका लेखकले उपरोक्त विशेषताहरूलाई कलात्मक रूपमा प्रस्तुत गर्ने र समस्याहरूलाई वैचारिक प्रष्टताका साथ सम्बोधन गर्ने चुनौती स्वीकार गर्नु पर्ने देखिन्छ।

निष्कर्ष: : 'याङरूप' उपन्यासले पूर्वी नेपालको समाज र संस्कृतिलाई नेपाली साहित्यको मूलधारमा ल्याउन महत्वपूर्ण भूमिका खेलेको छ। यसले समुदायको पीडा, पहिचानको खोजी र अस्तित्वको सङ्घर्षलाई मार्मिक ढङ्गले प्रस्तुत गरेको छ। केही पाठकलाई आञ्चलिक भाषा र संस्कृतिबारे विस्तृत ज्ञान नहुँदा बुझ्न केही कठिन हुन पनि सक्छ, यद्यपि यसले उपन्यासको मौलिकतालाई कायम राखेको छ। समग्रमा, 'याङ् रूप' उपन्यास समाजको एउटा विशिष्ट सघर्ष र संस्कृतिको यथार्थपरक दस्तावेज हो, जसले सामाजिक न्याय र जीवन सङ्घर्षका आयामहरूलाई सशक्त रूपमा उठाएको छ। प्रथम रूपमै यस्तो सशक्त उपन्यास मार्फत साहित्यिक उपस्थिति देखाउन सफल उपन्यासकार ज्ञानु बुढाथोकीलाई हार्दिक बधाई छ। (सीएन नेपाल)

# मुक्तक : देश नाङ्गेझार यिनैले बनाउने भए



पहाडी भागमा छुकछुके मनो रेल आयो
मदेशतिर भान्साको धारामा तेल आयो
हामी कौवा जस्ता जनताकालागी भने!
सिखो बोटमा काँचो र कट्मेरो बेल आयो।

**- शंकर ज्ञवाली**



खानेमुख ठूलो तिनैले बाउने भए
भ्रष्टाचार गर्न तिनैले पाउने भए
कसलाई जिताउने केको मरिहत्ते
देश नाङ्गेझार तिनैले बनाउने भए।

**- इन्द्रकुमार श्रेष्ठ**



दोषहरू देखाउन नहुने भो आजभोलि
अर्ति अनि उपदेशले नछुने भो आजभोलि
दशौ दिशा भ्रष्टाचारी लोभी अनि पापी हुँदा
गङ्गा जलले कुनै पाप नधुने भो आजभोलि।

**- अर्जुन अधिकारी**



सही गलत के हो ? जान्ने बेला हो यो
भ्रष्टलाई दुष्टलाई लौरो हान्ने बेला हो यो
आ-आफ्नो हातले आफ्नै भाग्यरेखा कोर्न
असल नागरिकलाई छान्ने बेला हो यो।

**- लक्ष्मी मुडवरी पण्डित**



असामाजिक तत्वहरू जिलाउँदै लानुपर्छ
मानव हितका बस्तुहरू बचाउँदै लानुपर्छ
चेतनाको दियो बाली अन्धकारहरू मास्ने
अन्तरमनको अठोटहरू जोगाउँदै लानुपर्छ।

**- अरूण कुमार भुजेल**



गर्न जाने सबैतिर प्यार छ जिन्दगीमा
चारैतिर अवसरको द्वार छ जिन्दगीमा
सत्य र न्यायको पथमा हिड्ने सबैलाई
जहाँ पाइला त्यहीँ संसार छ जिन्दगीमा।

**- युवराज शर्मा**



बाध्यछन् नारी पति भन्न जसले पलपल रूवाउँछ
दिनरात पीडा र आँसु आँसुको तलाउमा डुवाउँछ
कसम खुवाइएको छ सँगै बाँच्छु सँगै मर्छु भन्ने
विवाह मण्डपमा सातफेर घुमाई अग्नि छुवाउँछ।

**- सरस्वती तिवारी**



नबोलेर उनीसित चाहना थियो तड्पाउने
पराइलाई सम्झे झैं गरेर उनीलाई सताउने
चोट उनीलाई लाग्दा फेरी आफ्नै मुटु दुख्ने
सोचे त्यसैले बित्थै उनीलाई किन जिस्काउने

**- कृष्णबहादुर थापा**




सम्पादक/प्रकाशक : राजन कार्की
Editor/Publisher : Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

## सम्पादकीय

# सबै छाडा : चुनाव भाँडा

संविधान जारीभएपछि दुईपल्ट आवधिक चुनाव भएको हो । ठूला दुई दलको सरकार थियो । तेश्रो दल प्रतिपक्षमा बसेको थियो । तर यो सरकारले शान्ति र स्थिरता दिने, संविधान संशोधन गर्ने एजेण्डा बोकेको थियो । आफूले कबुल गरेका विषयमा उदासीन भएपछि जेनजीले आन्दोलन छेडेका थिए । निरंकूश शासकहरूले नरसंहार मच्चाएपछि जेनजीको आक्रोश आगो बनेको थियो । सरकार ढल्यो, कुशासक ढले । संसद, संविधान केही पनि बाँकी रहेन । यहाँसम्म कि आगो सल्क्यो, राष्ट्रिय र व्यक्तिगत सम्पदा, सम्पत्ति खरानी हुनपुगे । यो सबै घटनाक्रमको जिम्मेवार संविधान, संवैधानिक व्यवस्था र यही आडमा लखनौं लूट गर्नेहरू नै थिए । अहिले आएर जेनजीलाई दोष दिने र षडयन्त्र भयो भनेर सुख पाइन्न । षडयन्त्र गर्ने मौका दिने यिनै शासक र प्रशासक थिए । अहिले आएर पानीमाथिको ओभानो बन्नु यिनको अर्को अकर्मण्यता हो । यिनीहरूमाथि कारवाही त हुनैपर्छ ।

जेनजी आन्दोलनपछि स्थिति सम्हाल्नका लागि सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बन्यो । यो सरकारलाई फागुन २१ गते चुनाव गराउने जिम्मा दिइयो । सुशीला कार्की नेतृत्वको सरकार चुनाव गराउन कस्सिएर लागेको छ । तर हरेक राजनीतिक नेता भन्छन्- चुनाव हुन्छ र ? चुनावप्रति विश्वासको कमी छ । चुनाव हुनसक्दैन भन्ने दुषित वातावरण निर्माण गर्न पार्टीहरू नै लागेका छन् । सरकारले पनि वातावरण बनाउन सकेको छैन ।

चुनाव हुनुपर्छ स्थिरताका लागि । जब संविधान छैन, असंवैधानिक सरकार छ र यही सरकारले चुनाव गराउँछु भन्छ भने यो आफैमा द्विविधा हो, चुनावमा जाने कि नजाने भनेर राजनीतिक दलहरू फुकी फुकी निर्णय गरिरहेका छन् भने यो अर्को द्विविधा हो । यसैवीच जेनजीहरूको अलग अलग समूह बनेको छ र तिनीहरू सुशीला कार्की, गृहमन्त्री ओमप्रकाशकै राजीनामा मागिरहेका छन् । माओवादी आफ्नै तालसूरमा छ, एमाले जेनजी र सरकारविरूद्ध जाइलाग्दैछ भने कांग्रेस अधिवेशन गर्ने कि नगर्ने, अहिले गर्ने कि कहिले गर्ने भनेर महिनौंदेखि घडीको रालो हल्लिएझैं हल्लिरहेको छ भने चुनावी वातावरण कसरी बन्छ ? यसैवीच संसद पुनर्स्थापना हुनुपर्छ भन्नेहरूको बाक्लै उपस्थिति देखिन थालेको छ । अर्थात् चुनावप्रति अविश्वास र यथास्थितिमा फर्कने जमर्को ठूला दलहरू गरिरहेका छन् । यसबाट पनि चुनाव हुनसक्छ भन्ने स्थिति कमजोर बन्दै गएको छ । चुनाव हुनसक्छ भन्ने वातावरण दिनदिनै धमिलिदै गएको देखिन्छ । यसमा सरकार, पार्टीहरू जिम्मेवार छन् । खासगरी जेनजी पुस्ताले के चाहेको हो भन्ने अस्पष्टता पनि जिम्मेवार छ ।

स्थिति सुधार्न, कानुनव्यस्था बलियो पार्न राजनीतिक दलहरूको कुनै पनि प्रयास छैन । सरकार टालटुले तरिकाले चलिरहेको छ । सरकारले गर्नेपर्ने निर्णय गर्न सकेको छैन । चुनावअघि हत्यारा, भ्रष्टाचारीमाथि कडा कारवाही हुनुपर्छ भन्नेहरू निराश भएका छन् । जो भ्रष्टाचारी, अपराधिक छन्, तिनीहरू स्थिति अझ धमिलो पार्न लागिपरेका छन् । अर्थात् सबै छाडा देखिन्छन्, चुनाव भाँडा बनेका छन् । चुनावका लागि, सुशासनका लागि नैतिक जिम्मेवारीका साथ लोकतान्त्रिक चरित्र देखाउनुपर्छ । छाडापन भनेको चुनाव धमिल्याउने र लोकतन्त्र भाँडा बन्ने हो । वर्तमानमा यही छाडा र भाँडा बढेको देखिन्छ ।

# जेनजीले बाटो बिराउँदा समस्या झन बढ्यो




जेनजी- ब्रम्हास्त्र हो, ब्रम्हास्त्र असफल हुनसक्दैन किनकि देशमा स्थापित पुस्ता असफल भएपछि निकास खोज्ने जेनजी पुस्ताले हो ।

कि त स्थापित पुस्ताले अपेक्षा र आकांक्षा संवोधन गर्नुपर्छ, नगर्ने हो भने उकुसमुकुस स्थितिले निकास खोज्छ । त्यो निकास खोज्ने पुस्ता भनेकै जेनजी पुस्ता हो । देशका कर्णधार हुन् ।

समयले भन्छ- जेनजी पुस्ताले के गर्ने, कसो गर्ने र निकास खोज्ने । जब निकास खोज्ने प्रकृया सुरू हुन्छ, त्यतिबेला असन्तोष आँधी बन्छ । आँधी भनेजस्तो गरेर आउँदैन । आँधीको आफ्नै नियम हुन्छ, आँधीले जे पनि बिगार गर्न सक्छ । यसैले त भन्ने गरिन्छ- राजनीति समाज सुधार्ने प्रकृया हो । समाजलाई बदल्न सक्दैन र आफै बदलिन्छ भने त्यो राजनीति स्वार्थ बन्छ । स्वार्थका विरूद्ध बिद्रोह हुन्छ हुन्छ ।

विश्वराजनीतिमा अनेक बिद्रोह देखा परेका छन् । दक्षिण एसियाकै बिद्रोह हेर्ने हो भने बंगलादेशकी प्रधानमन्त्री जो भारतमा निर्वासित छिन्, झुण्डिन पर्ने अवस्थामा पुगिसकिन् । भारतका प्रधानमन्त्री मोदी सर्वशक्तिमान छन्, नेपालका परिर्तनका बाहक भनिएकाहरू जनताबाट कोसौं दूर अलोकप्रिय छन् ।

सडकमा चिया बेच्ने नरेन्द्र मोदी २०१४ मा भारतका प्रधानमन्त्री बनेका थिए, २०२५ मा पनि प्रधानमन्त्री छन् । भर्खरै विहारराज्यको चुनाव भयो, यो चुनावले प्रमाणित गरिदियो- मोदीको क्रेज झन बढेको छ । भारत मोदीमय बनेको छ । यद्यपि भाजपा धर्मवादी पार्टी हो ।

बंगलादेशकी प्रधानमन्त्री शेख हसिना विद्यार्थी आन्दोलन थेग्न नसकेर भागिन्, भारतमै छिन् ।

तिनै शेख हसिना जो १९९६-२००१, २००९ देखि २०२४ जुलाईसम्म बंगलादेशकी प्रधानमन्त्री थिइन्, शक्तिशाली थिइन्, बिद्यार्थी आन्दोलनमा राज्य दमन गर्दा विद्यार्थी बिद्रोह थेग्न नसकेर सेनाको सहयोगमा भाग्नु परेको थियो । उनीमाथि अदालतमा मुद्दा पऱ्यो र अदालतले उनलाई मृत्युदण्डको सजाय तोकेको छ ।

विद्यार्थी आन्दोलन हुँदा सयौं विद्यार्थी मारिएका थिए, अझै कति मारिए भन्ने निश्चित छैन । राष्ट्रसंघको अनुसन्धानअनुसार १४ सय नागरिक मारिएका थिए । १४ हजारभन्दा बढी घाइते भएका थिए । २०२४ को अगस्तमा भारत भागेकी पूर्वप्रधानमन्त्री शेख हसिनाले बंगलादेश फर्कन र अदालतमा प्रतिरक्षा गर्न अस्वीकार गरेकी थिइन ।

न्यायाधीश गुलाम मुर्तजा मोजुमदारका अनुसार शेख हसिनाविरूद्ध उत्तेजना फैलाएको, विद्यार्थी मार्न आदेश दिएको र अत्याचार रोक्न उदासीन रहेको अपराध पाइएको छ । अराजक शासन र मानवता विरूद्धको अपराधको सजाय मृत्युदण्ड नै हो । पूर्वप्रधानमन्त्री हसिनासँगै अदालतले पूर्व गृहमन्त्री अशाउद्दीन खान कमल र पूर्व आइजीपी चौधरी अब्दुल्ला अल मामुनलाई पनि मानवताविरोधीका रूपमा मृत्युदण्डको फैसला भएको छ । यो फैसलापछि शेख हसिनाको अवामी लिग पार्टीले फैसलाको बिरोधमा आन्दोलन सुरू गरेको छ । जसका कारण बंगलादेशमा गृहयुद्ध चर्कदो अवस्थामा पुगेको छ ।

बंगलादेशले भारतमा कूटनीतिक नोट पठाएर शेख हसिनालाई बंगलादेशको सुपुर्द गर्न आग्रह गरेको छ । यो विषयमा भारतको प्रतिक्रिया छ- शेख हसिनाविरूद्धको फैसला नोटिसमा राखिएको छ । स्मरणीय छ, पूर्व प्रधानमन्त्री शेख हसिना र पूर्व गृहमन्त्री कमल दुबै भारतमा निर्वासित छन् ।

भारतमा रहेकी शेख हसिनाले बंगलादेशी अदालतको फैसला अस्वीकार गर्दै भनेकी छिन्- म डराएकी छैन । त्यसैले मैले अन्तरिम सरकारलाई हेगस्थित अन्तर्राष्ट्रिय फौजदारी अदालत ( आईसीसी) समक्ष यी आरोपहरू ल्याउन बारम्बार चुनौती दिएको छु ।

अब हेर्नुछ, भारतले बंगलादेशी पूर्वप्रधानमन्त्री र गृहमन्त्रीलाई कसरी र कतिञ्जेल बचाउन सक्छ ?

नेपालमा जेनजी आन्दोलन र राज्यदमन

गत भदौ २३ र २४ गते नेपालमा जेनजी आन्दोलन भयो । २७ घण्टामा जेनजी आन्दोलनले नेपालको राज्यसत्ता ढालिदियो । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली र गृहमन्त्री रमेश लेखक थिए, तिनको आदेशमा ७६ जनाभन्दा बढी मारिए । यो आन्दोलनमा राज्यदमन पिठ्यूँमा पुस्तक बोकेका र स्कुले युनिफर्ममा रहेका बालबालिकाको समेत हत्या गरियो । मारिएका बालबालिकाको टाउको, घाँटी, छातीमा गोली हानिएको थियो । त्यतिबेला पूर्व प्रधानन्यायाधीश सुशीला कार्कीले भनेकी थिइन्- यो मानवताविरोधी दमन हो । यस्ता शासकमाथि हत्याको आरोपमा कारवाही हुनुपर्छ । घटनाक्रमले यिनै सुशीला कार्कीलाई भदौ २७ गते प्रधानमन्त्री बनायो, त्यसपछिका दिनमा प्रधानमन्त्री सुशीला कार्कीले यो हत्याकाण्डमा कुनै कारवाही अगाडि बढाएको देखिदैन । छानबिन आयाग गठन भएको छ तर कानुनी कारवाही नहुनु र कसैलाई दण्डित नगरिनु आश्चर्यको विषय बनेको छ । आफूले फागुन २१ मा चुनाव गराउने म्याण्डेट पाएको बताउने यी प्रधानमन्त्रीले चुनाव नखलबलियोस् भनेर बालबालिकाको हत्याको जिम्मेवार कसैलाई नबनाएको, मानवताविरोधी र अराजकता मच्चाउने राज्यपक्षका केहीलाई सीमा हद तोक्ने बाहेक केही निर्णय लिन नसकेको आक्षेप लाग्न थालेको छ । छिमेक भारतमा मोदीजस्ता सशक्त शासक छन् । बंगलादेशमा सशक्त न्यायाधीश देखिए । तर नेपालमा न राजनीतिमा स्वच्छ र सशक्त कुनै व्यक्तित्व छन्, न सशक्त न्यायाधीश ? नेपालमा त नागरिक समाजसमेत विवेकहीन छन्, जो न्यायका पक्षमा प्रष्ट बोल्न सक्दैनन् ।

जुन आन्दोलनले अराष्ट्रिय, जनविरोधी, अन्यायको संरक्षण गर्ने र भ्रष्टाचार तथा अपराध बढाउने संविधान, सत्ता, संसद सबै ध्वस्त पारिदियो, त्यो आन्दोलनमा सरिक जेनजी पुस्तामाथि कारवाही अगाडि बढाएर शास्ती र यातना दिन थालेको छ । जनविरोधी पुरानो सत्ता र शक्ति पुनर्ताजकीकरण हुने वातावरण सिर्जना गराउने षडयन्त्र भइरहेको छ । २ महिनामा विकसित भएका यी सबै घटनाक्रम देख्नेहरू भन्न थालेका छन्- सतीको सरापबाट नेपाल मुक्त हुनसकेन । घुम्दै फिर्दै रूम्जाटार भन्ने उखानजस्तो अवस्था देखिन थाल्यो ।

बहुदलपछिको ३७ वर्ष, लोकतन्त्रपछिको १७ वर्षमा आस्था र विश्वास जगाउने, समाज परिवर्तन गर्ने राजनीतिक व्यक्ति कोही जन्मिएनन् । अराजकता, भ्रष्टाचार र अस्थिरताको धुवाँमा धुमिल छ नेपाल । जनयुद्धको बन्दुक थामियो, बन्दुक बोक्ने हातमा लालीगुराँस देखियो, बारूद पड्केको छैन तर शान्ति र स्थिरता नेपोटिजम, नेपोबेबीइजम, अपराधी नेताकै बन्धकमा छन् । लोकतन्त्र लोकको आँखामा भ्रमको कसिंगर हाल्न सफलता हासिल गरिरहेको छ । बधुवा अमलेख भइसक्यो, अपराधी राजनीतिको बन्धकमा परेको हामी नेपालीको आकांक्षा अमलेख हुने कहिले ? यो प्रश्नको जवाफ दिने नैतिक बल कुनै शासक, प्रशासक, राजनीतिज्ञमा छैन ।

राजा फालियो, हिन्दुधर्मको आस्थामा धर्मनिरपेक्षता थोपरियो, कार्यकर्ता नेता पाल्न संघीयताको भारी बोकाइयो, प्रजातन्त्रको निधारमा गणतन्त्र घोषणा गरियो, संविधानसभाले एकथान संविधान लेख्न दुईथान निर्वाचन गराउँदा पनि जनताले विश्वास गरे, संविधान घोषणापछिको दुई आवधिक निर्वाचनले पनि शान्ति, स्थिरता, सुशासन, जनताप्रति जवाफदेहीताको मान्यता स्थापित गर्न सकेन । संविधान असफल भयो, राजनीति असफल भयो, कानुनव्यवस्था लथालिङ्ग हुनपुग्यो । राष्ट्रको जीवनमा शान्ति स्थापित हुनसकेन । विश्वासका धागाहरू चुँडिदै गए । असन्तोष बढ्दै गयो । युवाहरू बुढा बाबुआमा, दुधे बालबालिका, नाताकुटुम्बलाई असरल्ल छाडेर आफ्ना गरा त्याग्दै विदेशी धरामा रोजगारी खोज्न विदेशीन बाध्य पारिए । देशभित्रका उद्योगधन्दा बन्द गराउनेले देशलाई आत्मनिर्भरताका ठाउँमा परजीवीपन रोप्दै र खोप्दै गए । यसैको परिणाम थियो- जेनजी आन्दोलन ।

२०४६ को परिवर्तनपछि नेता उही छन्, सत्तामा उनैको राइँदाइँ थियो । २०८२ भदौ २७ गते जुन परिवर्तन भयो, व्यक्ति परिवर्तन भए पनि प्रवृत्ति परिवर्तन हुनसकेको छैन ।

यो ३७ वर्षमा राष्ट्रलाई कङ्गाल बनाउनेहरू जो छन्, तिनीहरू पराजीत भएका छैनन् । खासगरी प्रजातन्त्रवादी शेरबहादुर देउवा, समाजवादी भन्न रूचाउने केपी ओली, कम्युनिष्ट हुँ भन्ने प्रचण्ड, डुक्रिन थालेका छन् । कांग्रेस, एमाले, माओवादीभित्रका होनहार नयाँ पुस्तामा विवेक छ, विवेकशील चरित्र देखाउन अझै हच्किरहेका छन् ।

इतिहासमा मगध साम्राज्यका महानन्दजस्ता क्रुर लाग्छन्, यी नेताहरू । चन्द्रगुप्त मौर्यजस्ता राजनेता बन्नलायक गुण कसैमा देखिदैन ।

हाम्रा नेताहरू जनयुद्ध र जनआन्दोलनजस्ता राजनीतिक यज्ञबाट खारिएका त हुन् तर आत्मरतीमा रमाउन पुगे । स्वार्थको जालोमा जेलिनाले विदेशी ताकतको तोक्मा टेक्न पुगे, विदेशीकै भिटामिन पाएर खाएर यिनीहरू स्वदेश, स्वराज, स्वाभिमान र नैतिकता गुमाउँदै गए । स्वस्थानी कथामा नवराजलाई विष्णु भगवानरूपी हात्तीले बरण गरेर लावण्य देशको राजा बनाएझैं विदेशी शक्तिले यिनलाई लोकतान्त्रिक नेपालको मौजा बकस दिएका रहेछन् भन्ने प्रमाणित गर्दै गए । फलतः भदौ २३ र २४ को जेनजी आन्दोलन हुनपुग्यो ।

अफगानिस्तान, श्रीलंका र बंगलादेशका घटनाक्रमबाट यिनीहरूमा चेत खुलेन । यिनीहरू यतिसम्म स्वार्थको बशमा लाचार छन् कि देशमा गृहयुद्धको कारण रोप्दैछन् । मानौं यी यदुवंशी हुन्, जो आफ्नै कारणले सखाप हुने मार्गमा छन् । यिनमा वर्तमान र भविष्यप्रतिको कुनै चिन्ता र चासो छैन ।

०६३ साल वैशाख ११ गते जब राजाले मरेको संसद ब्युँताइदिए, त्यसपछि यिनीहरू भष्मासूर बनेका हुन् । भष्मासूरको बिनासलीला शास्त्र यिनले पढे सुसुप्त चेतना जागृत हुनेथियो ।

लोकतन्त्र, शान्ति, समृद्धि, सुशासन दिन्छौं, नयाँ नेपाल बनाउँछौं भन्ने यिनै हुन् जो बहुदल वा लोकतन्त्रपछि आजसम्म ल्हासा जाने कुतीको बाटो हिंडिरहेका छन् । योभन्दा ठूलो राजनीतिक अपराध केही हुनै सक्दैन । जेनजी आन्दोलन यिनीहरूले चटके बनेर देखाउने चटकमात्र हो भन्ने खुलासा थियो ।

भनिन्छ, सर्पको विष झार्न नजान्नेले सर्पलाई नचलाउनु । आफूले खडा गरेको भ्रष्टाचार र अनैतिकताको समस्या पहाड बनेर टाउकामा बज्रिएपछि हाम्रा नेताहरू काँचोवायु बर्बराएजस्तो बरबराउन थालेका छन् ।

विगतको एकदशक लामो जनयुद्ध गर्ने माओवादीले देखायो- मार्न सजिलो छ, बचाउन गाह्रो । बिगार्न सहज छ, निर्माण गर्न मुस्किल । १७ हजार मारिए, तिनका आफन्तजन आज पनि मुटु गाँठो पारेर ज्यूँदै मरिरहेका छन् ।

अन्यायका अनगिन्ति श्रृंखला छन् । ३७ वर्षमा ३४ सरकार बन्यो, न कुनै सरकारलाई दुखेको देखियो, न कुनै नेतालाई । न अधिकारकर्मी, न नागरिक समाज अथवा बुद्धिजीवीलाई । छिनछिनमा न्याय मरिरहेको छ, सबै मलामी बन्न तैयार छन् । मलाम गइरहेका छन् । यी सबैका लागि सत्ता पञ्चदेवलको हण्डी बनिरह्यो, सक्नेले हैसियतअनुसार लुटिरहे, खाइरहे, डकारीरहे । मुस्ताङको खच्चर चराउने गोठालोजस्तो भएर देश चल्दैन । गोवर भरिएको खप्परले लोकतन्त्र चलाउन सकिदैन । माओको देश चीनमा उदारवाद आइसक्यो, समाजवादी भारतमा ऐतिहासिक परिवर्तन भइसक्यो, हाम्रा नेताहरू जनतालाई भेडाबाखा चराएझैं चराउन खोज्दैछन् । यसकारण हरेक दलपतिहरू जनताको नजरमा घृणाका पात्र बनेका छन् । अझै यिनको आँखा खुलेको छैन ।

राजनेता बन्नुपर्नेहरू डन पाल्छन्, माफियागिरी चलाउँछन्, विदेशीसँग गुप्तगु गर्छन् । ढाँट्नुसम्म ढाँट्छन्, पेटभरि ढाँट्छन् र भन्छन्- लोकतन्त्र ज्यूँदो छ । ०४६ सालदेखि यही सुगा रटान जारी छ । ५४ हजार बर्गमाइलको मुलुकमा समाज परिवर्तनका लागि डाँफेले बेग हानेजसरी बेग हान्नुपर्नेहरू अनैतिकताको बेग हानिरहेका छन् । खोजेको शान्ति र प्रगति, यिनले दिए- बित्यास, अतास र बितण्डा ।

अन्तमा, मार्टिन लुथर किङको यो भनाई- 'जबसम्म मानिस आफ्नो व्यक्तिगत स्वार्थको संकीर्ण दायराभन्दा माथि उठेर समग्र मानवताको बृहत् हितसम्म पुग्दैन, तबसम्म उसको जीवन सार्थक ठहर्दैन ।' हाम्रो राजनीति मरिसक्यो, राजनीतिलाई समाज परिवर्तनको साधन बनाउने जिम्मा अव जेनजी पुस्ताको काँधमा आएको छ ।

जेनजीले जितेको युद्ध खोसिएको छ, जेनजी पुस्ता फेरि उठ्नुपर्छ, जित्नुपर्छ । जेनजी पुस्ता हार्न सक्दैन । ठेस लागेर लडेको मात्र हो, जेनजी फेरि उठ्नुपर्छ ।

जेनजी पुस्ता अजय शक्ति हो । शुदर्शन चक्र हो, यो शक्तिलाई हार्ने छुट छैन । यो ब्रम्हास्त्रले देशबाट अपराधलाई परास्त गर्नुपर्छ ।



Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# जेनजी बिद्रोहमा राजावादी, हिन्दुत्ववादी तथा माओवादीको संलग्नता

सद्दे मुलुक भत्काउन खोज्ने को? बचाउने कसरी ? भनेर हिमाल मिडियाका कनकमणि दीक्षितको विश्लेषण नेपाली समाजमा भन्दा पनि बढी युरोपियन कर्पस्मा निकै चर्चामा छ । कनकमणि दीक्षितको यो लेखका प्रमुख अंश-

भदौ २३ र २४ लाई एउटै नजर, भाष्य र शीर्षकअन्तर्गत पक्कै हेरिनु हुँदैन, किनकि हामीसामु तीन छुट्टाछुट्टै घटनाको शृङ्खला छ । पहिलो, 'जेन-जी' समूहले बोलाएको लगभग ८ देखि ११ बजेसम्मको धर्ना । दोस्रो, संसद् भवनतर्फको ऱ्याली र सहभागीमाथि बर्सेको गोली । तेस्रो, भोलिपल्टको देशव्यापी निजी र राष्ट्रिय सम्पत्तिमाथिको लुट र आगजनी, सर्वत्र त्रास ।

प्रस्टै छ, कुनै संगठित शक्ति समूहले सरकार मात्र होइन, राज्य संरचना नै ढाल्न योजना बुनेको रहेछ । २३ गते बिहान ५/६ हजार नवयुवा सहभागी हुने अनुमान गरिएको ऱ्यालीमा १४/१५ हजार नै पुऱ्याउने नियोजित काम भयो । प्रहरी भिड नियन्त्रण गर्न चुक्यो र जमात संसद् परिसर छिरेपछि त्यहाँ तैनाथ 'स्पेसल टास्क फोर्स'ले 'लाइभ बुलेट' चलायो ।

राजनीतिक नेतृत्व र सुरक्षा संयन्त्रको निकम्मापन २३-२४ मा उजागर भयो । प्रहरीको भिड नियन्त्रणमा नालायकीबाट शृङ्खला सुरू हुन्छ । १९ नागरिकको मरणको कुरा आइसकेपछि प्रधानमन्त्री केपी शर्मा ओलीले नैतिकताको आधारमा राष्ट्रपतिसामु राजीनामा दिएर सदनभित्रबाट विधिवत् नयाँ सरकार बनाउन मार्ग प्रशस्त गर्नु पर्थ्यो । भोलिपल्ट मध्यान्हसम्म कुर्दा ढुकेर बसेका उपद्रव मच्चाउन चाहनेले मौका छोपे ।

सेनामाथिको प्रश्न

देशको अति महत्त्वपूर्ण संस्था नेपाली सेनाको नियत र क्षमताबारे पनि संशय उठ्यो, किनकि ऊ त सुरक्षाको 'लास्ट रिसोर्ट' हो । किन सेनाले प्रधानमन्त्री र मन्त्रीलाई सुरक्षा दिने नाममा हातको मोबाइल थुतेर नजरबन्द अवस्थामा राख्यो? किन 'जेन-जी' उमेर समूहभन्दा बाहिरका र आन्दोलन आह्वानकर्ता नभएका 'हामी नेपाल' संस्थाका सुदन गुरूङलाई नवयुवाको प्रतिनिधिको टीका लगाइयो ? को थिए गुरूङलाई प्रधानसेनापति अशोकराज सिग्देलको सम्पर्कमा ल्याइदिने व्यक्ति ? काठमाडौँ मेयर बालेन्द्र शाहको प्रधानसेनापतिसँग 'डाइरेक्ट लाइन'को अर्थ के हो ?

२४ को विध्वंस पहिचान गर्न र रोक्न सेनाको गुप्तचर विभाग (डीएमआई) र परिचालन विभाग (डीजीएमओ) कसरी चुके? अरूको त कुरा छोडौँ, सिंहदरबारभित्र नरसिंहदल गणमा आठ सय सिपाही राख्नुको अर्थ त राष्ट्रिय धरोहर सुरक्षाकै लागि थियो होला । सरकारको मुख्यालय र सर्वोच्च अदालतलाई सुरक्षा दिन नसक्ने सेनाले किन मन्त्री र न्यायाधीशलाई भगाउने मात्र आफ्नो दायित्व सोच्यो ? प्रधानमन्त्री ओलीलाई बालुवाटारबाट हेलिकप्टरमा मकवानपुर उडाइसकेपछि किन सेनाले राज्य सञ्चालनमा शून्यता रहन दियो ? सर्वत्र लुट र आगजनी हुँदा परिचालित हुन कुर्नुपर्ने कारण के थियो ?

यसरी जननिर्वाचित दुई ठूला दललाई एक हात पर राखेर प्रधानमन्त्रीमा सुशीला कार्कीको नाम अघि सारेर जर्साबहरूले 'फेट अकम्प्ली' लाद्न सफल भएको देखिन्छ । यो परिणति योजनाबद्ध थियो/थिएन अनुसन्धानको विषय रहेको छ । सेनाकोआत्मसमीक्षा आवश्यक छ ।

कार्की सरकारको म्यान्डेट

प्रमुख दुई दलले कुशासन, नातावाद, कृपावाद र भ्रष्टाचार निवारणमा आनाकानीका कारण विशेषगरी दुवै दलका शीर्षस्थ नेता शेरबहादुर देउवा र केपी शर्मा ओली प्रतिरक्षात्मक बन्न पुगे ।

यी दलबारे अनेक प्रश्न उठाइनु पर्दछ आउँदो निर्वाचन अभियानको दौरानमा। जस्तै- संयुक्त सरकार बन्नु र नक्कली शरणार्थी प्रकरणको अनुसन्धान तुहिनुको सम्बन्ध के थियो ? किन संविधानको मर्मअनुरूप राज्य संयन्त्र समावेशी बनाइएन, राजदूत नियुक्तिदेखि विभिन्न पदाधिकारी छनोटमा ? किन संविधान संशोधनको हवाला दिँदै बनेको संयुक्त सरकारले त्यतातिर कामै थालेन ? *नक्कली शरणार्थी काण्ड, सुन काण्ड, ललिता निवास काण्ड, सहकारी रकम अपचलन, गिरीबन्धु टी स्टेन्ट, टिकापुर जग्गा, कर फस्यौँट, आदि प्रकरणमा पनि अनुसन्धानमा तदारूकता आएन ?*

प्रम सुशीला कार्की तथा गृहमन्त्री ओमप्रकाश अर्यालको कांग्रेस र एमालेप्रतिको शङ्कालु दृष्टिकोण कसैबाट लुकेको छैन । र, लामो समय सरकार चलाउन नभई, राष्ट्रपतिबाट निर्वाचन सञ्चालनको जिम्मा पाएको कुरा आत्मसात् गरेको राम्रो ।

२३ गतेको वास्तविक 'जेन-जी' ऱ्यालीले त सरकार परिवर्तनको सोच पनि राखेको थिएन, संविधान त परैको कुरा । र, केपी ओलीले नैतिक दायित्वको आधारमा समयमै राजीनामा नगर्नाले तथा २४ गतेको अति शंकास्पद घटनाक्रमबाट उत्पन्न स्थितिमाझ उदाएको चुनावी सरकार हो यो । तसर्थ, ३/४ सीमित कार्य बाहेक राज्य प्रणाली हेरफेर, प्रत्यक्ष कार्यकारी जस्ता संविधान संशोधनद्वारा हुनुपर्ने कार्य यसको दायराभित्र पर्दैन । त्यतातिरको 'दबाब' थेग्न सक्नु पर्छ प्रधानमन्त्री कार्कीले ।

कार्की सरकारको दुई मुख्य काम छन् । ती हुन्- भ्रष्टाचार एवं २३ र २४ का घटनाको अनुसन्धान । भ्रष्टाचारको सन्दर्भमा सरकारले आफ्नो सीमित समयको ख्याल राखी अभियोजन गर्ने संस्थाहरू (प्रहरी, अख्तियार, सम्पत्ति शुद्धीकरण, कर छली, आदि)लाई काममा अग्रसर गराउने हो, जुन विगतका सरकारहरूले गरेनन् ।

अनुसन्धानकै सन्दर्भमा गृहमन्त्री अर्यालको कुरा आउँछ, जब उनले ९ असोजमा प्रहरी संयन्त्रलाई आन्दोलनकारीको क्रियाकलापबारे अनुसन्धान नगर्नू भनी निर्देशन नै दिए ।

गृहमन्त्रीको आदेशले जुन घातक अन्योलको स्थिति उत्पन्न गरायो, आधुनिक नेपालको राज्य सञ्चालनको इतिहासमै अनौठो स्थिति हो । प्रहरीले आफ्नो अनुसन्धान सुचारू गरेको छ तर गृहमन्त्री अर्यालले आफ्नो ९ असोजको आदेश फिर्ता लिएका छैनन् ।

भग्नावशेषका पात्र

सरकार र व्यवस्थाविरूद्ध अगाडिबाटै योजना बनेको कुरामा प्रश्न रहेन, जसरी 'जेन-जी'को धर्ना प्रयोग र हाइज्याक भयो, जसरी आयोजकको योजनाविपरीत संसद् भवनमा हमला भयो, जसरी 'जिओलोकेसन'को प्रयोग गरी तारो हानेजस्तो गरी नेताका निवास, मन्त्री क्वार्टर, सञ्चार गृह, प्रहरी चौकी, मालपोत, अदालत, भन्सार, संसद्, पालिका भवनहरू खरानी बने । को थिए विध्वंसकारी व्यक्ति निर्क्यौल गर्न उपलब्ध पर्याप्त भिडिओ तथा सामाजिक सञ्जालमा आदान-प्रदान सञ्चारको अनुसन्धान आयोग तथा प्रहरीले जाँच गर्ने नै छ । तर, परिस्थितिजन्य प्रमाण पनि हेर्नुपर्ने हुन्छ, जसको लागि मुख्य कडी नै यो हो- ध्वंसले कसलाई फाइदा गऱ्यो ? कसको भवन बच्यो हेर्दा नै संलग्नताको अनुमान लगाउन सकिन्छ- सिंहदरबार र शीतलनिवास डढ्दा निर्मल निवास र नारायणहिटी दरबार कसैले छोएन ।

साधारण 'एनार्किस्ट' बाहेक **राजावादी, हिन्दुत्ववादी तथा माओवादीको संलग्नता** रहेको देखिन्छ २४ गतेको विनाशमा ।

सहकारी ठगी प्रकरण अनुसन्धानको क्रममा जेल परेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको क्याडर पनि सडकमा उर्लिएको देखियो । पपुलिस्ट राजनीति गर्दा एक ठाउँमा आएकोमा आफ्नो नेतालाई नक्खु कारागारबाट मुक्त गर्दै २४ गतेको माहोललाई नै सरकार-सत्ता उल्टाउने आवेग उनीहरूमा जागेको देखिन्छ ।

पर्दा पछाडिबाट २४ गतेका आन्दोलनकारीलाई भारतीय तथा अमेरिकी/पश्चिमा पक्षको समर्थन थियो/थिएन भन्न सकिन्न तर ओली सरकारलाई दुवै शक्तिले मन पराउँदैनथे नै । उता, अमेरिकी संस्थापन पनि नेका-एमाले संयुक्त सरकारसँग भस्किएको थियो, चीनसँग हात बढाउँदै गएका केपी ओलीले आफ्नो अघिल्लो कार्यकालका नीतिलाई निरन्तरता दिएकोमा । यसका साथै ओली १६ भदौको सांघाई कोअपरेसन अर्गनाइजेसनको समिटलगत्तै बेइजिङमा अन्य राष्ट्रपति, प्रधानमन्त्रीसँग जापान पराजित भएको संस्मरण गर्ने 'भिक्ट्री डे' परेडमा सरिक भए, रूसका भ्लादिमिर पुटिनलाई समेत भेटे । अन्य सरकार प्रमुखले सहजै गर्न सक्ने कुरा नेपालले चाहिँ गर्न नहुने जस्तो भाष्य काठमाडौँमा पनि बन्यो ।

पश्चिमा तथा भारतीय शक्तिले एमालेभन्दा नजिक ठान्ने नेपाली कांग्रेस र देउवा दम्पतीलाई हेर्ने चस्मा पनि बदलियो । देउवा दम्पतीले आफ्नो निजी राजनीति बचाउका कारण ओली र एमालेसँग हातेमालो गर्न पुगेलगत्तै नयाँ दिल्ली र वासिङ्टन डीसीले 'एमालेको एजेन्डामा' हिँड्न थालेको देख्यो । ओलीको बेइजिङ भ्रमणमा विशेष शब्द प्रयोग गर्दै नेपालले 'बीआरआई फ्रेमवर्क'मा हस्ताक्षर गऱ्यो मंसिर २०८१ मा । जसको लागि काठमाडौँमा रहेका शेरबहादुर देउवाले परराष्ट्रमन्त्री आरजु राणा देउवालाई फोनबाट स्वीकृति दिएका थिए । भारतीय र अमेरिकी 'डिप स्टेट' दुवैको संयुक्त सरकारप्रतिको शङ्का चुलिएको थियो ।

वर्तमान भूराजनीतिक परिवेशमा भारत र अमेरिकाले कम्तीमा पनि ओली नेतृत्वको संयुक्त सरकार तथा नेपालको राज्य व्यवस्थामाथि नकारात्मक धारणा राखेको प्रस्टै छ । हुन के गयो, दुई लोकतान्त्रिक दल संयुक्त सरकारमा भएको कारण एउटै पासोमा परे ।

जेनेरेसन-जेड : पहिचान र दायित्व

'जेन-जी' शब्दावली नै पश्चिमाभन्दा पनि अमेरिकी उत्पत्ति हो । यसले पनि संकेत गर्दछ, सरकारविरूद्धको उर्लिदो 'अनलाइन बाढी' अंग्रेजी-प्रधान थियो, जसले पनि अभियन्ताको 'डेमोग्राफिक दायरा' दर्शाउँछ ।

नवयुवा पंक्तिका धेरैले आन्दोलनकै रापतापमा संविधान फालौँ, प्रदेश संरचना फालौँ, प्रत्यक्ष निर्वाचित कार्यकारी ल्याऔँ भनी दौडेकै हो ।

नयाँ र पुराना दल

नयाँ र जन्मँदै गरेका दलको सन्दर्भमा यति भन्नुपर्ने हुन्छ कि नवयुवाको भोट आफ्नोतर्फ लगाउन पनि ती दलले पहिलो काम त एउटा 'आइडियोलोजी' अर्थात् राजनीतिक दर्शनको घोषणा गर्नुपर्ने हुन्छ । हो, पुराना दल नेपाली कांग्रेस र नेकपा (एमाले)ले आफूले भिरेको दर्शन बिर्सदै गए, त्यसो भन्दैमा लोकतान्त्रिक जनताको राजनीति गर्न दर्शन चाहिँदैन भन्ने हुँदैन ।

राजनीतिक दर्शनबाहेक देश-समाजसामु अनेकन् मुद्दामा प्रस्ट धारणा आउनु पर्छ- पहाड-मधेस दूरी, संघीयता, राजसंस्था, भारतबाट आयातीत राजनीतिक हिन्दुत्व, दक्षिणी खुला सीमाना नियमन, उत्तरी सीमामा पूर्वाधार, दल सञ्चालन खर्चमा सरकारी बन्दोबस्त, दलमा आन्तरिक लोकतन्त्र, सरकारी स्कुलको स्तरोन्नति, द्वन्द्वकालमा बालसैन्य प्रयोग, लिम्पियाधुरा त्रिकोण, कोसी उच्च बाँध, जलविद्युत् विस्तार, पूर्वाधार निर्माणमा 'जाइग्यान्टिजम्', नयाँ परिवेशको रोजगारी, गाउँघरको 'बाँदर आतंक', 'सार्क' संस्था, संक्रमणकालीन न्याय, विदेशी सैनिकमा भर्ती, विद्युतीय व्यापार, नेपाली पासपोर्टको वजन, प्लास्टिक प्रदूषण, जलवायु संकट, सामुदायिक वनको प्रयोग, उच्च आम्दानी दिने पर्यटन, समानुपातिक निर्वाचन प्रणालीको दुष्प्रयोग, जनमुखी विकास, समावेशिता र सकारात्मक विभेद, इत्यादि। यसरी, पूरै राजनीतिक 'स्पेक्ट्रम'मा ठूला, साना, नयाँ, पुराना दलले धारणा बनाएर जनतासामु जानु पर्दछ ।

निर्वाचन नभएमा

भान हुन्छ, कतिपय विश्लेषकले कार्की सरकारको लामो शासनकालको सोच बनाएका छन्, जो अपरिपक्वता हो ।

अतः सरकारले गर्नुपर्ने तीन कुरा हुन्-

१) निर्वाचन सम्पन्न, भ्रष्टाचारविरूद्ध अनुसन्धान र कारबाही,

२) भदौ २३ गतेको प्रहरी दमन र २४ गतेको विध्वंसको छानबिन,

३) आन्दोलनमा मारिनेको परिवारलाई राहत एवं घाइतेलाई उपचार र सहयोग ।

कार्की सरकारले विश्वसनीय निर्वाचन सम्पन्न गऱ्यो भने सब ठिक भइहाल्यो । तर, असफल भयो भने सर्वदलीय सरकार निर्माण गर्नुको विकल्प हुने छैन ।

निर्वाचन नहुने हो भने या त नाङ्गो विदेशी हस्तक्षेप हुन्छ या त सैनिक शासन । या, दुईको सम्मिश्रण । जसरी पनि नेपाल लयमा फर्कन कम्तीमा दशक लाग्नेछ त्यसो भएमा । प्रश्न नै छैन, निर्वाचित संविधानसभाद्वारा अपनाएको **लोकतान्त्रिक, संघीय, धर्म निरपेक्ष, गणतन्त्र नेपालको संरचना ध्वस्त पार्ने योजना असफल पार्नु पर्छ**, नेपाललाई सिक्किम बन्नु छैन, न त भुटान ।

# ड्याससमूह र क्यास कुरा




भगवानले नेपाललाई केही अजर अमर अतुलनीय वरदान दिएर गएका छन् । अनादि देवादिदेव श्री सदाशिव भगवानले संसारका शीरताज उच्च हिमालयाज, अनगिन्ति नदीनाला, जलसम्पदा, मनोरम पार्वत्य श्रृङ्खला, जडिबुटी, अन्नपूर्ण भण्डार तराई क्षेत्र, विश्वका हिन्दूका एकमात्र आस्था केन्द्र श्री पशुपतिनाथ र गुजेश्वरी, संसारका वीर र बौद्धिक नेपाली जाति बरदान स्वरूप दिएर जानुभएको छ । त्यसरी नै एसियाका ज्योति भगवान श्री गौतम बुद्धले विश्वका सम्पूर्ण बुद्धिष्ट समुदायको आस्थाको केन्द्र र अखिल विश्व समुदायको शान्तिदर्शन थलो लुम्बिनी नेपाललाई बरदान स्वरूप दिएर जानुभयो । नेपाल र भारतका तेत्तीसकोटी साझा देवदेवीले नेपाललाई भारतको पावनभूमि र भारतलाई नेपालीको तीर्थभूमि बनाएर जानुभयो । नेपालका हिमाली आर्य र भारतका मैदानी मधेसे आर्यहरूलाई अवछिन्न, धार्मिक तथा सांस्कृतिक मजबुत गठबन्धनमा बाँधेर यस उपमहाद्विपीय आर्यभूमिमा एकता र सशक्तिकरणको प्रत्याभूत गरेर जानुभयो । तर भारतको दशटाउके रावण सरकार र खुफिया राक्षसले लोभ, पाप, प्रलोभन र रिसडाहमा आएर राजनीतिक, आर्थिक, धार्मिक, सांस्कृतिक तथा लुम्बिनीमा समेत अतिक्रमण बढाएर दुई देशबीचका जनतामा भगवानले फैल्याएको अमृतमा जहर घोल्दैछन् । यसमा भारत सरकार समयमै सुध्रिनु पर्दछ ।

उग्रवादको अन्त्य र शान्तिको बहाल गर्नुपर्ने दायित्व पनि भारत सरकारकै जिम्मेवारीमा आइलागेको छ । नेपाली कांग्रेस, एमाले, एमाओवादी पछि अब तराई आन्दोलनका नाममा नेपालमा उग्रवाद तथा बिखण्डनवाद मच्चाउन झण्डै एकशय भन्दा माथि भारतीय मधेसेका उग्रवादी संगठनहरू खटिएका छन् । उनीहरूको नेपाल-भारतको दोहोरो नागरिकताले गर्दा भारतमा आश्रय, नेपालमा उपद्रव गर्न सहज तथा सरल बनाइदिएको छ । नेपालभित्र गोप्य सफाया सञ्जाल कार्यरत छन् जो नेपाली सुरक्षा सञ्जालको पहुँच बाहिर छन् । त्यसपछि भारतीय उर्फ मधेसे उन्मत्त राजनीतिक माहोल अलग्गै छ । यसरी हेर्दा नेपाल र नेपालीहरू चारैतिरबाट घेराउमा परी असुरक्षित भइसकेका छन् । अतः यसबारे सोच्नै र रोक्नै पर्दछ ।

यस्ता दुईपक्षीय महत्वपूर्ण व्यापार, पारवहनसमेतका धेरै अरू मुद्दाहरू छन् जसबारे भारत सरकार सुन्न र नेपालपक्ष सुनाउन वाद्य हुनपरेको छ ।

कठैबरी : यो आलेख लेख्दालेख्दै २०६९ साल चैत ३० गतेका दिन मेरा माथिका सबै अभिव्यक्तिहरूलाई सत्य साबित गर्दै चार अल्मतीय राजनीतिक दलहरूको ११ बुँदे सहमतिका आधारमा तत्कालीन मन्त्रिपरिषदको सिफारिसमा राष्ट्रपतिबाट अन्तरिम संविधान २०६३ को धारा १३८ अनुसार जम्मा २५ बुँदे बाधा अड्काउ फुकाउने आदेश जारी गर्नुभयो । सोही दिन चारदलीय सहमतिद्वारा ११ बुँदे सहमतिको निर्णय निकालियो । यी दुबै निर्णयहरूको प्रथम दृष्टिगत रूपमा हेर्दा मुख्यतः दुई भयङ्कर डरलाग्दा बुँदाहरू देखिए । एकमा भारतीयहरूलाई करोडौंका पैमानामा नेपाली नागरिकता खोलिदिने । योभन्दा पैले जोडजुलुम साथ बंशजका आधारमा नागरिकता दिएका झण्डै करोडकै हाराहारीका भारतीय मधेसेका भारतमा जन्मेकाहरूलाई पनि जन्मशिद्ध नागरिकता दिने निर्णय भइसकेको छ । दोश्रोमा अनागरिकलाई पनि मतदाता सूचीमा समावेश गराएर वैध नागरिक गराइने सहमति भयो ।

त्यसरी नै अर्को दोश्रो तथा झन डरलाग्दो मोर्चाका विषयमा भारतद्वारा सञ्चालित माओवादी युद्ध, १२ बुँदे दिल्ली सम्झौता, बिघटित संविधानसभका निर्णयहरू स्वघोषित चारदलीय गैरसंवैधानिक शक्तिकेन्द्रका सहमतिबाट गरिएका निर्णयहरूद्वारा भारतले आजसम्म हासिल गरेका उपलब्धिहरू जस्तै- गणतन्त्र, जातिवादी प्रान्त, मतदान, आत्मनिर्णय, समावेशी अधिकार, एक मधेस एक प्रदेश, भारतीय नागरिककरण, सुरक्षा छाता, प्राकृतिक सम्पदा तथा तमाम असमान सन्धिहरूलाई राष्ट्रिय संविधानगत तथा संस्थागत गर्ने पूरै पूर्वाधारहरू तैयार पारेको स्पष्ट दृष्टिगोचर भइरहेका छन् । सो काम पूरा गर्नका लागि साविक १२ बुँदे तामेलीदार, बफादार चार राजनीतिक महाशक्तिलाई नै ११ बुँदे चारदलीय निर्णद्वारा हालसाविक गरिएको छ । संविधानको धारा- 'भारत सरकार'को उपधारा र, एउटा 'उच्चस्तरीय राजनीतिक समिति' गठन गरिएको छ, जसले कुनै जनादेश बिना नै 'स्वयम् संविधान' भएर राज्य सञ्चालन गरिरहेको छ । निर्वाचनमा कोटा तय गर्ने, निर्वाचन क्षेत्र निर्धारण गर्ने, निर्वाचनमा साम, दाम, दण्ड, भेद प्रयोग गर्ने, गठबन्धनमध्येबाट मधेसे बाहुल्यताको सरकार गठन गर्ने, संविधानसभाबाट अधिकतम आफ्ना उपलब्धिहरूलाई संविधानगत गराउने, मौका परे सिक्किमीकरण नभए पनि फिजीकरण अवश्य गराउने उद्देश्यले विदेशी निर्वाचन विशेषज्ञहरू मैदानमा खटिइसकेका छन् भन्ने पत्याउनु पर्ने भएको छ । अतः भारतीयलाई नागरिकता दिने, मतदाता बनाउने, षडयन्त्रको समर्थन गरेर बस्ने कि प्रतिवादमा निस्कने ? स्वविवेकीय निर्णयको कठोर समय आइसकेको छ ।

अगाडि हेर्दै जाउँ, भोग्दै जाउँ, कर्तव्य गर्दै जाउँ । जे त होला ?



# Want to Defeat the Old Gu




1. Unity Doesn't Require a Party: Nepal already has too many parties. Gen-Z doesn't need another. What we need is a Youth Civic Alliance — a watchdog that influences, coordinates, and shapes the national agenda from the outside.

2. COS . The Missing Civic Architecture: The Civic Operating System (COS) offers a simple, practical structure that brings together: Digital platforms, Service-driven civic groups, Youth networks, And even new parties —without forcing anyone to merge.

3. A Youth Alliance Can Become Nepal's "Shadow Parliament": Issue pods + digital tools + civic monitoring can create: Public scorecards, Alternative budgets, Shadow hearings, Policy proposals. This gives Gen-Z national voice and credibility instantly.

4. Coordination Is a Positive-Sum Game: If each youth actor fights alone, they all lose. If they coordinate — digitally + civically — everyone gains something: representation, visibility, bargaining power, and momentum. Example—Fragmentation = Almost Guaranteed Loss: If the new youth-led forces run as 5–6 micro-parties, each one gets 0 — no PR seats, no leverage, no sustainability (see Part 3).

5. The Future Belongs to Civic Ecosystems, Not Symbols and Personality Cults: Around the world, youth movements win through civic networks, not party logos. Nepal can do the same through a Gen-Z powered Civic Operating System.

CIVIC OPERATING SYSTEM (COS):

A Three-Part Civic Architecture for Nepal's Emerging Ecosystem

Overall Diagnosis: Four or More Parallel Forces Without Coordination

Nepal's post–Gen Z moment has revealed a simple but important diagnosis: we now have several parallel forces emerging at once. The first is a set of new parties, each trying to respond to public frustration but often moving on separate, uncoordinated tracks. The second is a wave of digital innovation—platforms offering voting tools, idea filtering, and rapid mobilization but lacking a unifying strategy. The third is the rise of value-driven civic groups such as Aba Hamro Palo, which bring moral clarity, grassroots energy, and service-oriented ideas. And the fourth is a cluster of independent Gen Z networks—energetic, decentralized online communities with creativity and speed, but without a common structure to amplify their impact.

Each of these forces holds real potential, but without a shared civic architecture, they risk working in isolation rather than reinforcing one another. Nepal needs a Civic Operating System (COS)—a simple framework actors can plug into without losing identity or autonomy. COS is not a proposal to form one party. Instead, it offers a coherent architecture—digital, functional, and coordinating—that draws on global best practices to help Nepal's youth ecosystem mobilize effectively and shape the next democratic chapter.

PART 1 — The Digital Engine (Build the Asset First)

"The fastest network becomes the strongest force."

The Digital Engine forms the technological backbone of Nepal's new civic ecosystem. It includes a digital voting system, proposal vetting tools, idea filtering modules, youth registry, project submission workflows, opinion polling, sentiment dashboards, digital pods, and rapid-response communication networks across TikTok, WhatsApp, and Telegram. This engine becomes the shared digital asset that emerging parties, civic groups, and youth networks may want to use—because none currently possess such integrated capabilities.

Global Examples

– Taiwan (g0v): Civic-tech first; others plugged in later.
– Spain (Plaza Podemos): Online voting + idea forums.
– Italy (Rousseau Platform): Digital participation before political scaling.
– India (AAP early phase): Digital volunteer systems and crowdsourced candidate selection.

PART 2 — The Functional Landscape (Build Legitimacy & Deliverables)

"Design the path before you walk it."

This layer builds trust and legitimacy on the ground—ward-level pods, community service, civic vigilance, shadow parliament monitoring, fact-checking units, local listening sessions, and visible service projects. These small deliverables show that civic actors can solve real problems—not just talk about change.

Global Examples

– India (AAP): Mohalla Clinics + school reforms built trust.
– Thailand (Future Forward): Youth pods + civic activism.
– Kenya (Ufungamano): Ward-level civic education and service efforts.
– Spain (Podemos Circles): Local "circles" created social capital.

PART 3 — The Coordinating Architect (Solve the Coordination Problem)

"Coordination beats consolidation."

This final layer offers a neutral, non-hierarchical mechanism for emerging parties, civic platforms, digital groups, and youth pods to work together without merging. It includes shared norms, cooperation protocols, linking structures between pods, coordination tables, transparency standards, and conflict-avoidance rules.

Illustrative Example: A Shared PR Umbrella (Cooperation Without Merging)

An optional example of COS coordination is a shared PR umbrella where independent actors contest under one electoral banner without merging. Seats could be allocated with a transparent rule based on measurable civic contribution such as pod activity, digital engagement, or grassroots service.

Why This Matters

Nepal's PR system sets thresholds that many new actors may struggle to cross alone. When competing separately, votes scatter; when coordinated, they can form a viable electoral presence. A real example is the memorandum between Sudan Kirati's group and Baburam Bhattarai's Naya Shakti, showing how collaboration increases structural viability.

Conclusion — A New Path Forward for Nepal

By integrating digital capacity (Part 1), civic legitimacy (Part 2), and coordination architecture (Part 3), the Civic Operating System provides a long-term pathway for Nepal to escape fragmentation and build a coherent, future-oriented civic ecosystem. COS does not replace parties; it provides a shared civic backbone that helps Nepal move toward its next democratic chapter.

This essay was inspired by recent Zoom conversations with youth groups such as Aba Hamro Palo and Let's Build Nepal, and many others who are courageously grappling with how to chart a new way forward for Nepal.

***Dr. Alok K. Bohara, Emeritus Professor of Economics at the University of New Mexico, writes as an independent observer of Nepal's democratic evolution through the lens of complexity and emergence science. His systems-policy essays on Nepal's socio-economic and political landscape appear on Nepal Unplu***

Appendix A: Organizations by Category

Digital Engine Organizations

- Taiwan – g0v & vTaiwan: Build open-source civic-tech tools and run digital deliberation processes to craft consensus policy proposals.

- Spain – Plaza Podemos: Online platform for citizens to propose, debate, and vote on ideas shaping civic and political agendas.

- Italy – Rousseau Platform: Digital system enabling online voting, policy input, and candidate selection in civic participation efforts.

- India – AAP (digital volunteer systems): Uses digital tools to mobilize volunteers, crowdsource ideas, and coordinate civic or campaign actions.

Functional Landscape Organizations

- India – AAP: Established Mohalla Clinics and school reforms to build civic legitimacy through visible public service.

- Thailand – Future Forward pods: Local youth groups conducting community dialogue, issue mapping, and civic activism.

- Kenya – Ufungamano civic education: Ward-based civic education and engagement for constitutional and legal reform.

- Spain – Podemos Circles: Neighborhood groups for discussion, policy generation, and civic mobilization.

Electoral / Coordination Models

- India – I.N.D.I.A Alliance: Coordination mechanism aligning multiple parties on messaging and strategy without merging.

- Czech Republic – Pirate + Mayors: Two independent parties coordinating candidates and norms while retaining autonomy.

- Chile – Civic Assemblies: Citizen assemblies deliberating on constitutional and policy issues in coordination with political actors.

- European Greens – Transnational coordination: Shared values and strategy across countries without structural mergers.

Appendix B: Successful Case Outcomes

Taiwan – vTaiwan Uber Regulation Reform

Citizen-led digital deliberation produced a consensus-based regulatory framework adopted by the government.

Spain – PAH Housing Protection

Grassroots pods and digital pressure secured an eviction moratorium and mortgage law reforms.

Iceland – Civic Constitutional Draft

Crowdsourced drafting forced transparency reforms and legal changes despite political blockage.

South Korea – PSPD Anti-Corruption Reform

Long-term civic monitoring helped establish the Corruption Investigation Office for High-Ranking Officials.

# Takaichi's Taiwan Remarks Deepen Strain in China–Japan Relations




Tensions between China and Japan have intensified following Japanese Prime Minister Sanae Takaichi's strong comments in parliament regarding a possible Chinese military move against Taiwan. Her statement — that such an action could pose an "existential threat" to Japan — has triggered an unusually sharp reaction from Beijing, adding fresh strain to a relationship already marked by strategic competition.

Takaichi made the remarks while responding to questions about Japan's preparedness in the event of escalating conflict in the Taiwan Strait. She suggested that certain forms of Chinese military coercion, such as a blockade or use of force, could compel Japan to consider measures under its collective self-defense framework. When asked to withdraw her comments, she refused, maintaining that her position reflected Japan's national security priorities.

Beijing's response was immediate and uncompromising. Chinese officials declared that the current turbulence in bilateral ties stemmed directly from what they called the Japanese prime minister's "blatant" and "erroneous" remarks on Taiwan. According to China's Foreign Ministry, the comments grossly interfered in China's internal affairs, violated the one-China principle, ran counter to the spirit of the four political documents guiding China–Japan relations, and weakened the very political foundation on which the relationship stands.

China further emphasized that it will firmly safeguard what it describes as its core interests and international justice. It called on Japan to retract the remarks, acknowledge the mistake, and return to what Beijing views as the correct course. China has cited the 1972 Sino-Japanese Joint Statement as clear evidence of Japan's commitments, noting that the document explicitly states that Japan recognizes the Government of the People's Republic of China as the sole legal government of China, and fully understands and respects China's position that Taiwan is an inalienable part of Chinese territory. Beijing has reminded Tokyo that these commitments must remain binding regardless of which administration holds power in Japan.

The latest dispute comes at a time when the Taiwan Strait has become one of the most sensitive flashpoints in East Asia. While China asserts sovereignty over Taiwan, Japan sees peace and stability in the Taiwan Strait as essential to its own security and to the protection of sea lanes central to its economy. This diverging view has increasingly influenced Japan's evolving defense posture.

Domestic political dynamics also play a role. Takaichi's firm stance resonates with segments of the Japanese public who support a more assertive security policy. Her remarks are thus seen not only as foreign-policy signaling but also as an expression of political strength at home.

In reaction, China may resort to diplomatic pressure, intensified maritime activity, or economic measures — tools it has used in past disputes to register displeasure. Early indications suggest a phase of heightened friction is likely, including stronger public messaging from Beijing and increased scrutiny of bilateral exchanges.

Despite the heated rhetoric, both countries appear aware of the risks of uncontrolled escalation. Japan has already sent senior diplomatic officials to Beijing to ease tensions, while China has signaled that dialogue remains possible if Japan clarifies or moderates its position. The most probable near-term scenario is a continuation of managed tension, where sharp exchanges persist but direct confrontation is avoided.

Still, analysts warn that misunderstandings or unintended incidents, particularly at sea, could worsen the situation. As military and coast guard vessels operate in increasingly crowded waters, even small miscalculations could have disproportionate consequences.

The episode underscores the fragile balance underpinning East Asian security. Taiwan remains a pivotal issue, and both Japan and China must navigate it carefully. The coming weeks will reveal whether diplomacy can stabilize relations or whether this latest dispute marks the start of a longer, more challenging phase in bilateral ties. *Mr Bhandary is Executive Editor at the National News Agency (RSS)*

# इतिहासमा राजा राजेन्द्रविक्रम



डा. शास्त्रदत्त पन्त

*इतिहासका राजनीतिक घटनाक्रम..*

एकीकरण अभियान र भाइपर्व

गोरखाका राजा नरभूपाल शाहका ५ भाइ छोरा जन्मिन्छन् । जेठा पृथ्वीनारायण शाह राज्यका उत्तराधिकारी राजा हुन् । माहिला महोद्धम कीर्ति, साहिला दलजित, काहिला दलमर्दन र कान्छा सुरप्रताप शाह हुन् ।

उपनिवेसवादी अंग्रेजले निरन्तर राज्य विस्तार गरेर पूर्वीय वैदिक सभ्यतालाई नै विकाश गरेर इशाइकरण गर्दै लगेको देखेर पृथ्वीनारायण शाहलाई ठूलो पीर पर्दै गएको थियो । शक्ति एकीकरण गरेर गंगाको मैदानदेखि उत्तरतिरको भूभाग हिमवत खण्ड नेपाललाई वैदिक सनातन धर्म सभ्यता भएको असली हिन्दुस्तान बनाउने दृढ संकल्प थियो । उनले सर्वप्रथम गोरखाको छ थरी भारदारलाई सशक्त बनाउँदछन् । उनको उद्देश्य पवित्र भएको हुनाले अरू रैतीहरूले पनि राजाको अभियानमा दिलो ज्यानले लागि पर्दछन् । चारै वर्ण र छत्तिसै जात एकजुट हुन्छन् । हिन्दू जागरण अभियानको थालनी हुन्छ ।

एकिकरण अभियानमा काठमाण्डु मातहतको नुवाकोट गोरखामा मिलाइन्छ । नुवाकोटलाई अर्को राजधानी बनाउँछन् । १९ वर्षपछि मकवानपुर र २५ वर्षमा काठमाण्डु उपत्यकाका राज्यलाई एकिकरण गर्दछन् । गोरखा राज्यको सीमा गण्डकीदेखि कमला नदीसम्म विस्तार हुन्छ ।

यहि बीच पूर्वमा विजयपुर राज्य पनि गोरखा राज्यमा गाभिन्छ ।

पृथ्वीनारायण शाहको गंगा नदीमा गएर खाँडो पखाल्ने र नेपाललाई समुन्नत असली हिन्दू राष्ट्र बनाउने अभियान चाहे अनुरूप पुरा नहुनुमा दुईटा कारण छन् । एउटा सीमित साधन र श्रोत, अर्को निहित स्वार्थपरक, पारिवारिक अज्ञानी अराष्ट्रिय प्रवृत्तिका भाइभारदार ।

शत्रुविग्रह

थुनामा राखिएका दिगवन्त सेनका एक भाइ छोरा भूवर सेन जेलबाट भाग्दछन् । इण्डियामा पुगेर कम्पनी सरकारसँग मिलेर आफ्नो गुमेको राज्य फिर्ता गर्न उद्योगमा लाग्दछन् । विजयपुरका राजकुमार पनि कम्पनी सरकारका सरणमा जान्छन् । उता असफल भएपछि पाल्पाली राजकुमारसँग मिलेर त्यहाँकी रानी र स्वरूपकाजी मिलेर पृथ्वीनारायण शाहका विरूद्ध असफल प्रयास गरिरहन्छन् । फेरि जुन साल पृथ्वी नारायण शाहले कीर्तिपुरमा हार खानु परेको थियो त्यसै वर्ष कम्पनी सरकारले बंगालमा विजय हासिल गरिरहेको थियो ।

भाइ विद्रोह

पृथ्वी नारायण शाहको पवित्र उद्देश्य नेपालका घरघर र आम सनातनी धर्म मान्ने सबै नेपालीले बुझेका थिए । तर स्वयम् पृथ्वीनारायण शाहका भाइ र विजित राज्यका राज परिवारले बुझेका थिएनन् । उनीहरू सबै राष्ट्रिय हितमा नभएर व्यक्तिवादी स्वार्थमा अल्झेका हुन्छन् । राष्ट्र, राष्ट्रियता र राष्ट्रिय स्वार्थ नबुझ्ने व्यक्ति यथार्थमा वैदिक सनातन हुन सक्दैनन् पूर्वीय सभ्यता र संस्कारमा हिडेको ठहरिदैन । तिनले मानेको धर्म संस्कार र संस्कृति आडम्बरी मात्र हुन्छ । अरू त अरू स्वयम् पृथ्वीनारायण शाहका भाइले नबुझ्नु आश्चर्यको विषय बन्दछ ।

पृथ्वीनारायण शाहले काठमाण्डुका ३ राज्य जितेपछि उनका भाइहरूले तिनमा गद्दि नसिन हुने इच्छा व्यक्त गर्दछन् । जिते जितेका राज्यमा भाइलाई राखेको भए गोरखा मातहतका ५ राज्यमा ५ भाइ नै राजा हुने थिए । मल्लहरूले छोराहरूलाई राज्य भागवण्डा गरे जस्तै हुने थियो । त्यसले एकिकरण अभियानको कुनै औचित्य हुने थिएन । जस्ताको तस्तै रहने थियो । विदेशीले सहजै अधिनस्त गर्न सक्ने थियो । भाइलाई राज्य दिएको भए, क्षणिक रूपमा भाइ सन्तुष्ट हुन्थे तर देशले केही पाउने थिएनन् । देश विदेशीकै हातमा जाने थियो ।

मध्यकालमा राज्य बाँडिने भएकोले नै देश टुक्रा टुक्रा भुरे टाकुरे कमजोर राज्यमा परिणत भएको हो । त्यसो हुनुको मूल कारण दरबारभित्रको पारिवारिक झगडा हो । झगडाको कारण राजपरिवारले वैदिक सनातन धर्मको ज्ञान घट्दै जानु हो । दानवी र भौतिकवादले जरा गाड्दै जानु हो । गोर्खाले पाटन शब्द जित्नु भन्दा अगाडि नै पाटनेले भारदारले पृथ्वीनारायण शाहका भाइ दलमर्दन शाहलाई ल्याएर राजा स्थापना गरिसकेका हुन्छन् । राज्य जितेपछि दाज्यूसँग आफू पाटनकै राजा भइरहन माग गर्दछन् । माहिला भाइ महोहदाम कीर्ति मकवानपुरको प्रमुख प्रशासक भएर बसेका हुनाले, आफू त्यसै राज्यको राजा हुन माग गर्दछन् । "यो सम्भव कुरा" भनेर भाइहरूका मागलाई टुक्र्याएपछि पृथ्वी नारायणका भाई रूष्ट हुन्छन् र तीनै भाई काठमाण्डु छाडेर नुवोकाटमा गएर बस्न थाल्दछन् । नेपाल एकीकरणको अभियानमा साथ दिन पनि छाड्दछन् । भक्तपुरसँगको एकीकरण युद्धमा त तीनै जना भाइले साथ दिएनन् । केवल कान्छा सुरप्रताप शाह मात्र सामेल हुन्छन् । भक्तपुर विजयपछि सायद त्यहााको राजाको आशा गरेका उनी आशातित फल नपाएपछि विदेसिन्छन् । मिलाउन पर्ने पश्चिमका चौविसे राज्यमा गएर, उनीहरूसँग मिलेर विरोधी गतिविधि सञ्चालन गर्दछन् । प्रतिफल कास्कीले गोर्खाका ७ जना उच्चस्तरका लडाकुलाई जेल हालिदिन्छ भने पाल्पाले ६ जनालाई मारिनै दिन्छ । सुरप्रताप मारिन्छन् ।

उता महो हामकीर्तिले मकवानपुरको राजा हुने दाउ ताकिरहेकै हुन्छन् । केहर सिंह बस्नेतले पर्दाफास गरिदिएपछि तथा भारतदारले राज्य टुक्र्याउनेलाई साथ नदिएकै कारण उनी पाखा लाग्न बाध्य भएका हुन् । उता सेन राजालाई हात लिएर स्वरूप सिंह कार्कीले व्यापारी कोठी खोल्न दिएर विजयपुर राज्य दिलाई दिने सर्तमा अंग्रेजसँग मिलोमतो गर्नु पनि विखण्डनतिर जानु थियो ।

यत्तिकैमा पृथ्वी नारायण शाह थला पर्दछन् र आफू नबाँच्ने निधो गरेरै भाइ भारदारकाबीच आफ्नो पवित्र इच्छा प्रकट गर्दछन् । जुन दिव्य उपदेशका नामले चिनिएको छ । उनको १८३१ माघ १ मा निधन हुन्छ । पृथ्वी नारायणको सोच राष्ट्रवाद र सर्वजनहिताय हुन्छ भने उनका सबै भाइको सोच व्यक्तिवाद र निहित स्वार्थ हिताय हुन्छ ।

पृथ्वी नारायण भाइ र छोरामा भन्दा भारदारमा विश्वास थियो । भारदारलाई आफ्नो उद्देश्य बुझाएर ती कोरा छोरा र भाईलाई सुबाटोमा ल्याउने प्रयत्नमा थिए । कान्छा छोरा बहादुर शाह पद्धतिको शासन चाहने हुनाले रोलक्रम तोड्न चाहदैनथे ।

छोरा पर्व (प्रताप सिंह शाह)

पृथ्वी नारायणका जेठा छोरा प्रताप सिंह शाह हुन् । पृथ्वी नारायणको मृत्यु पछि राज्यारोहण गरेका हुन् । उनका भाइहरू थिए । उनले पाल्पाको राजाकी छोरी राजेन्द्र लक्ष्मीसँग विवाह गर्दछन् । सुन्दरी मैजुरानी थिइन् ।

छोरा : भाई : बहादुर शाह

छोरा : विदुर शाह (मष्या) मैकुरानी पट्टीका/रणबहादुर शाह (वैद्य) र सहयोगी : जयमङ्गलका छोरा ब्रजनाथ पौडेल र सेन राजाका सरदार स्वरूप सिंह कार्की । उनले आफ्ना पिताको चाहनालाई पटक्कै बुझेनन् । उनी दरबारको विलास मन्दिरमा बसेर सुन्दरीहरूसँग घेरिने, अरख पिउने र मोजमस्तीमा दिन विताउँदथे । राज्य विस्तारका बाबुका नीतिलाई विरोधी थिए । राज्य विस्तार गर्दा पैसा खर्च हुने र सुरासुन्दरी, तन्त्रमन्त्र, द्यौमाज्यू पञ्च मकार (मासु, मदिरा, मैथुनबाट सिद्धि पाउन) तन्त्रानुष्ठानमा पैसा खर्च गर्न नपाइने हुनाले राज्य एकीकरणका सबै काम रोक्न चाहन्थे । रानी राजेन्द्रलक्ष्मी पनि भोग विलासनै चाहन्थिन् । काका दलमर्दनलाई थुनावमा राखेको छ । दलजित शाह भाग्दछन् । भतिजा निकाला हुन्छन् । उनी पक्षका भारदारको सर्वस्वहरण गर्दछन् । बहादुर शाह तनहुँ पाल्पा हुँदै वेतिया (मुङ्लाङ) जान्छन् ।

स्वरूप सिं कार्की, काजी भीम द्वारे, सुर प्रतापका छोरा रणगन्जन शाह, काशीनाथ उपाध्याय, वीरमणी साने खवास, सेरला खवास पनि वेतियामै पुग्दछन् । काजी धौकल सिंह बस्नेत पटना गएर बस्दछन् ।

सिंहप्रताप सिंहकी मती मैजुरानी र राजाका भाई बहादुर शाह ।

छोरा रणबहादुर शाह, रानी पर्व

शाह वंशमा रानीको शक्ति बरोबर सर्वो पनि हुने कुरा पाइन्छ । धर्म दर्शन रणनीति आटिला तथा जनप्रिय पृथ्वी नारायणको सेख पाइरान दरबारमा शक्ति सन्तुलन खलवलिन्छ । नारी लेपट प्रताप सिंहकी भित्रिनी पट्टिकी मैजुरानी पट्टि राजाको जेठी छोरी हुनु र पटरानी पट्टिको छोरो कान्छु हुन र राजा राजकाजमा उदासिन हुनुले दुइटी रानीको चुरिफुरि बढ्दछ । ६ थर घर र भाइदारहरू पनि दुई गुटमा बाडिन्छन् । यसैबीच राजा प्रताप सिंह २८ वर्षको उमेरमा १८३४ मंसिर ६ गते देहाबसान हुन्छ । मैजुरानी गर्भवती भएकोले व्रजनाथ पौडेल राजेन्द्र लक्ष्मीलाई खति पठाउने पक्षमा रहन्छन् । त्यसो भए २ वर्ष ६ महिनाका राजा रणबहादुरका नाममा उनको हैकम चल्ने निहित स्वार्थ रहन्छन् । यो जालझेलबाट उम्कन राजेन्द्र लक्ष्मीले देवर बहादुर शाह र ससुरा दलमर्दन शाहलाई बेतियाबाट झिकाउँछिन् । महादेव उपाध्याय लिन जान्छन् । फलत ८ रखौटी केटीका साथ प्रताप सिंह शाहको अन्त्यष्टि गरिन्छ । दुबै रानी सतिजानबाट बच्छन् । दल मर्दन र बहादुर शाहलाई लक्ष्मी रमण उपाध्यायको मद्दतले बहादुर र दलमर्दन शाहलाई बाटैबाट काठमाण्डु आउँन रोकिन्छ ।

रणबहादुरकी विवाहिता प्रतिलोभ र सुवर्ण प्रभा राज राजेश्वरी र ललित त्रिपुरा सुन्दरीको हालिमुहाली बढ्छ । यिनताक राज्यको सबै बागडोर भिमसेन थापाका हातमा थियो, ललित त्रिपुरा सुन्दरीले लालमोहर मात्र लगाउँदथिन् । भीमसेन थापा उनैबाट संरक्षित थिए ।

राजेन्द्र विक्रम शाहका दुई रानी जेठी साम्राज्य लक्ष्मी देवी र कान्छी राज्यलक्ष्मी देवी । ....

# चुनावको घोषणा र अनुत्तरित सवालहरू



सुरेशकुमार पाण्डे

आगामी २१ फागुनमा मध्याब्धि आम निर्वाचन हुने घोषणा भएपछि ।राजनीतिमा व्यापक चहलपहल सुरू भएको छ । राजनीतिमा चहलपहल,बादविबाद र छलफल हुनु नराम्रो बिषय होइन ।छलफलबाट नै देशलाई हित हुने बिचारको जन्म हुन्छ । तर चुनावलाई मात्र प्राथमिकता दिएर घरिने बाद बिवाद छलफल वा सौदाबाजीले देश र जनतालाई फाइदा गर्दैन ।

व्यापारीहरूले मदिराको बिक्री भइन भने त्यसको बेच वा आबस्याक परे बोतलनै फेरेर भएपनि बिक्री गर्दा रहेछन् त्यही प्रकारले राजनेताहरूले पनि चुनाव जित्न बिभिन्न तिक्डम गरेकै हुन्छन् ।आजको जमानामा इमानदारीसँग चुनाव जित्तिन्छ भन्नुपनि गलतनै साबित भएको छ । हामीले देखिरहेका छौं चुनाव जितनका लागि साम दाम दण्ड अप्नाएकाहरू नै धेरै मत पाएका हुन्छ ।

जेनजी विद्रोह पछि कथित ठूला दलहरूलाई गहिरो झट्का लागेको छ । उनिहरूलाई त्यो आन्दोलनको एक प्रकारले आफ्नो पोल्टामा पार्ने प्रयास गरेकै हुन ।सफल नहुँदा ठूलो असरपनि नपरेको होइन यसबाट केही कमोबेस शिक्षा अवश्य पनि लिएका होलान् ।

त्यसैले धमाधम पार्टी एकता हुदै छ ।अरू केही नभएपनि आपसमा एकता हुनुपर्नेरहिछ भन्ने शिक्षा समेत पाएका छन् । अहिले जेन्जी आन्दोलन पछि बनेको अन्तरिम सरकारले चुनावको तिथी मिति तोकेपछि राजनीतिक पार्टीहरूपनि त्यसको तैयारीमा जुटेका छन् । चुनाव समयमै गराउन अन्तरिम सरकारलाई पार्टीहरूको दबाव पनि छ ।

चुनाव जित्न राजनैतिक दलहरूमा चुनावी गठबन्धनको रूपमा भन्दापनि अहिले पार्टी एकताको सिलसिला चलिरहेको छ । समयमै निर्वाचन होला वा नहोला त्यो समयले बताउने छ ।चुनाव आयोगले दागी,भ्रष्टाचारीहरूलाई कत्तिको किनारा लगाउनसक्छ ? त्यो सवालपनि समयको गर्भमै छ अन्य कयौं सवालहरू त छदैछन्; त्यसको साथै एउटा आर्को सवाल उठेको छ । त्यो हो छिमेकी मूलुक भारतको बिहार राज्यमा हुँदै गरेको निर्वाचन र त्यसपछि बनेको सरकारले चुनावमा पर्ने सम्भावित प्रभावको बारेमा पनि बिचार गर्नुपर्ने हुन्छ ।

मात्र अमेरिकी साम्राज्यवादलाई सरापेर पनि पुग्दैन ।यद्यपि जेन्जी आन्दोलन आइएनजीओकै इसारामा अमेरिकी साम्राज्यवाद द्वारा तैयार पारिएको त्यो सञ्जालको माध्यमबाट भएको हो । तर पनि यसमा रअको भूमिकालाई अन्देखि गर्नु पनि भुल हुने छ । अमेरिकी साम्राज्यवादले चीनको शक्तिलाई नियन्तरण गर्न नेपालको भूमि प्रयोग गर्न चाहान्छ ।त्यसैको लागि नेपालमा आफ्नो इसारामा नाचने कटपुतली सरकार बनाउन खोजिरहेको छ । तर त्यो सबै आधार भ्रष्ट राजनीतिक दलहरूले तैयार पारिदिएका हुन् । यसको साथ साथै भारतिय व्यवहारलाई पनि ध्यानमा राख्नै पर्दछ । हाम्रो सिमाना भारतसँग सटेको र खुल्ला आवागमनले गर्दा पनि प्रत्यक्ष असर पर्नसक्छ ।

यस बारेमा भने केही बढी चर्चा हुन सकेको छैन । अमेरीकामा पानी पर्यो भने नेपालमा छाता ओड्ने नेताहरूले अहिले किन बिहारको चुनावमा खासै ध्यान पुराएनन् ? यो पनि आर्को सवाल नै हो ।यस्तै सवालै सवालको घेराभित्र मेरो मनमष्तिकमा उठेको सवाल मध्य एउटा यो बिहारी राजनीति पनि हो ।

छिमेकमा बिहार राज्यको चुनावले पर्नसक्ने सम्भाबित असर केके हुनसक्छन् ? हुन त हाम्रो देश स्वतन्त्र सार्वभौमसत्ता सम्पन्न छुट्टै राष्ट्र हो ।

तर पनि छिमेकमा हुने उथलपुथलले प्रभाव पारेकै हुन्छ । त्यसमा पनि भारतको बिहार राज्य दुबै देशहरूको खुला सिमानाका कारणले पनि धेरै प्रभाव पार्नसक्छ ।

बिहारमा हुँदै गरेको निर्वाचन २४३ सिटका लागि । नोभेम्वर ६ र ११ दुइ चरणमा हुँदै छ । अर्थात २० कात्तिक र २५ कात्तिकमा "प्रान्तिय निर्वाचन "विधानसभाको लागि चुनाव भईरहेको छ । नेपालको दक्षिणी सीमाका १३वटा जील्लाहरूसँग जोडिएकोले पनि यो सिमावर्ती क्षेत्रमा हुने निर्वाचनको तितो मिठो असर अवश्य हुने छ ।बिहार ,युपीका कयौं जिल्लाहरूको सिमाना नेपालसँग सटेका छन् । खुला सिमा र बेरोकटोक आवागमनले गर्दा नेपाल र भारतका सिमा क्षेत्रहरूमा कुन नेपाली मूलको हो कुन भारत मूलको हो छुट्टाउन गारो पर्छ । कसै कसैको त नेपाल र भारत दुबै देशमा घर परिवार बस उठ छ ।व्यापार ,रोजगार छन् । इष्टमित्रहरू पनि थोर धेर दुबै देशका छन् ।त्यस माइनेमा पनि सिमाबर्ती क्षेत्रमा हुने नीर्वाचन र सरकार दुबैले हाम्रो देशमा कमोवेशअसर गर्दछन् ।

विहार विधानसभाको २४३सिटका लागि हुने इलेक्ट्रोनिक मतदानको नतिजा पनि छिट्टै आउने छ । नोभेम्वर १४ मा हुने मतगणनाको नोभेम्वर १५ सम्म अर्थात कार्तिकको २९ सम्म बिहारको पाँच वर्षका लागि सरकार बन्नेछ ।

यस चुनावमा सत्तारूढ भारतीय जनता पार्टी सम्मिलित राष्ट्रिय जनतान्त्रिक गठबन्धन (एनडीए) र प्रमुख प्रतिपक्ष दल भारतीय राष्ट्रिय कांग्रेससहितको गठबन्धन मैदानमा छन् । साथै जनसुराज पार्टी नेता प्रशान्त किशोर समेतले जोड्दार उपस्थिति जनाएका छन् । भनिन्छ प्रशान्तले ६६५ दिनको पदयात्रा गरेर बिहारका २ हजार६९७ गाउँमा पुगेका थिए । उनले जितेपछि मदिराको प्रतिबन्धबाट बिहार मुक्त गर्ने बताएका छन् । सम्रणरहोस् बिहारमा करिव दश वर्ष अंघि २०७२ चैत्र १९गते देखि मदिरा प्रतिबन्धित छ । बिहारमा मदिरामा प्रतिबन्ध भएपछि नेपालको सिमाक्षेत्र भारतीय मदिरा सोखिनको अड्डा नै भएको बताइन्छ । हुन त यो मदिराले कसैलाई फाइदा गर्दैन तर यसले ठुलो राजनीति गरेको हुन्छ । सत्ता पनि ढाल्न कत्ति समय लाग्दैन । भारतमा शराबबन्दीको अभ्यासका साथ शराव राजनीति चल्दै आएको छ ।

यही क्रममा भारतको हरियाणा राज्यमा त्यो महिलाहरूले उठाएको नारा थियो प्रान्तबाट शराबको कारोबार हटाउनुपर्छ । महिलाहरूको जनवाजलाई तत्कालिन हरियाणा विकास पार्टीका नेता बन्शिलालले कार्यनन्वयन गरे, उनैका आफन्तीहरू शराब तस्कर बने । परिणाम बन्शिलालको सरकार फेल भयो ।

उनले कर्मचारीबाट भ्रष्टाचार भएको भन्दै "मास्टरको मरोड र सडकको मोड सोजो गराउँछु भन्ने गर्थे । हरियाणालाई रक्सी मुक्त गराउन पुरै जोड दिएका थिए तर उनिमात्र फेल भएनन् सिङ्गो पार्टी नै समाप्त भयो ।

बिहारमा नीतिसकुमारले त्यो मदिरामाथि प्रतिबन्ध लगाएका छन् । अहिले धेरै जनताको उनलाई समर्थन छ । बिहारमा हुने निर्वाचन र त्यसबाट बन्ने नयाँ सरकारको केही असर हाम्रो देशमा पनि अवश्य नै पर्ने छ । यद्यपि नेपालमा चुनाव हुन्छ नै भनेर दाबा गर्नसक्ने अवस्था भने छैन । चुनाव हुन पनि सक्छ, नहुन पनि । संसदको पूनर्बहाली हुने अवस्था पनि सिर्जना हुनसक्छ । नेपालको राजनीतिले कतापट्टी करवट लिन्छ, तरल राजनीतिक अवस्थामा भन्न सकिन्न । राजनीतिक दलहरू आआफ्ना तरिकाले आआफ्ना शक्ति संचयको रणनीतिमा लागेका छन् । नेपालको तरल राजनीतिक स्थितिमा देशी विदेशी तत्वहरूको चलखेल ह्वात्तै बढेर गएको छ । यसकारण पनि नेपाली राजनीति अनिश्चयको बन्दी बनेको छ । यो समयमा देशहितमा नेताहरूले सोचेनन् भने स्वराज र अस्तित्व संकटमा पर्नसक्नेछ । भूराजनीतिको खतरा घनिभूत बन्दैछ ।




हरेक मंगलबार
गोरखा एक्सप्रेस
www.nepaltoday.com.np

सत्यतथ्य र ताजा समाचारका लागि
www.sandhyakalin.com पढौं र
लेख, रचना, समाचार र बिज्ञापन पठाएर
सहयोग गरौं ।

पो.ब.नं. काठमाडौं ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८२ मंसिर ९, Nov. 25, 2025




## अन्तिम पातो - शाश्वत शर्मा

# राष्ट्रवादी आन्दोलनको आवश्यकता

फेरि प्रमाणित भयो- बाह्य सहयोग बिनाको आन्दोलनले कुनै परिणाम दिदैन । भर्खरैको कुरा, गत भदौ २३ र २४ को जेनजी आन्दोलन र अहिले अभियन्ता दुर्गा प्रसाईलाई थुनामा पठाएर भएको उनका समर्थकको आन्दोलनलाई हेरे हुन्छ । २०१७ सालदेखि २०६३ सम्मका विभिन्न चरणमा प्रजातन्त्र, लोकतन्त्रका लागि भएका कांग्रेस, कम्युनिष्टले गरेका आन्दोलनहरू पनि विदेशी सहयोगले मात्र सफल हुनसकेका थिए । अहिले ती पुराना दलहरूप्रति कुनै बाह्य चासो देखिदैन । त्यसैले महेश बस्नेतमार्काहरू भुत्ते खुकुरी हुनपुगेका छन् भने सुदन गुरूङहरू बाह्य समर्थनका कारण सिरूपाते खुकुरी झैं हुनपुगेका छन् । जतिसुकै युथ भोलिन्टीयर जत्था गठन गरे पनि एमाले र उनको जनबर्गीय संगठनहरू बुख्याँचामात्र साबित हुनेछन् । त्यसो त अहिलेको एमालेको युथ भोलिन्टियर जत्थालार्य जेनजी र त्यसको आन्दोलनको परिणाम गठन भएको सुशीला कर्की नेतृत्वको सरकारका विरूद्ध उतार्न गठन गरिएको भनिदैछ । आम नेपालीमा एमाले जत्था भयभित पार्ने खालको छ । एकातिर बाह्य चासो देखिदैन भने अर्कोतिर सर्वसाधारण नेपालीहरू पनि उदासिन छन् । जनआस्था छँदैछैन ।सबैले बुझिसकेका छन् । बालेन साह, सुदन गुरूङहरू स्वचालित छैनन् । सायद यसैले तिनका विरूद्ध सडकमा कसैले आवाज उठाएको सुनिदैन । अब कांग्रेस, एमाले, माओवादीहरू विदेशीका लागि घाँडो साबित भइसकेका छन् ।अब दुर्गा प्रसाईको आन्दोलनको कुरा गर्ने हो भने त्यो झन पंगु लाग्छ । भारतको एउटा तप्कासँग जोडिएको भनिएका प्रसाईको कुरामात्र ठूलो हो । उनको आन्दोलनलाई सरकारले थुनामा राखेर तुहाइदिएको छ । यद्यपि उनले भुइँमान्छेका सवाल उठाएका छन्, जुन उनको ठूलो शक्ति मानिएको छ । बुझ्नुपर्छ, सुदन गुरूङहरूले गर्ने आन्दोलन बाहेक अन्य प्रकारका कुनै पनि आन्दोलन जनतालाई दुःख दिने खालका मात्र हुन् । देशैभरि संगठित एमालेलाई बारा, पर्सातिर कुटाइखान परेको देखियो । ७ गते देशैभरि तहल्का मच्चाउँछु भन्ने प्रसाई थुनाको हावा खानुपऱ्यो । एकथरि राजावादी, हिन्दुवादी टोलटोलमा नारा लगाउँछन्, रिङ्रोडमा जुलुस निकाल्न भ्याए । कतिले त थाहासमेत पाएनन् । २०६५ सालदेखि राजतन्त्र चाहियो भन्नेहरू ०८२ सालमा पनि कुर्लिनेबाहेक केही गर्न सकेका देखिदैनन् । बाह्य चासो थियो, भदौ २३ र २४ गतेवीचको २७ घण्टामा नेपालको संविधान, संसद, सरकार सबै भताभुङ्ग पारिदियो । प्रष्ट छ, विदेशी चासो संविधान खारेज गर्ने थिएन, खारेज भएन । नेपाली असन्तुष्ट छन्, आक्रोसित छन, त्यसमा बाह्य चासो भयो कि सुनामी गइहाल्छ ।

जेनजी पुस्ताले गरेको आन्दोलन खासमा के हो ? केका लागि हो ? अहिले आएर द्विविधा बढेको छ । सुरूमा जे नारा लगाए, जे उद्देश्य देखाएका थिए, त्यो सबै धुमिल हुनपुगेको छ । आन्दोलनमा जित जेनजी को भयो तर अपहरण गरियो । अहिले आएर जेनजीहरू कुहिरोको कागजस्तो बनेका छन्, विभाजित हुनपुगेका छन् । जेनजी पुस्ता राजसंस्थाप्रति किन उदासिन देखिए ? अभिभावक नभएपछि के हुने रहेछ, जेनजी पुस्ताले बुझे होलान् अब । राजसंस्थावादी आन्दोलन पटक पटक भयो तर बाह्य सहयोग नपाउँदा असफल बन्दै गएको हो । जेनजी आन्दोलनपछि जेनजी यता न उताका भए, यसमा पनि षडयन्त्र भएर नै हो ।

अब उपाय भनेको आमनागरिकको चेत खुल्नु नै हो । जबसम्म राम्रो नराम्रोको भेउ पत्ता लाग्दैन तवसम्म सुदन गुरूङ, बालेन, ओली, प्रचण्ड, देउवाहरूको हालीमुहाली जारी रहनेछ । स्थिरता, शान्ति, समुन्नति, सुशासनका लागि राजसंस्थाप्रति जागरूक हुन जरूरी छ । अराजकता र गृहयुद्धको संघारमा स्थिति पुगिसक्यो, अब पनि चेत नखुल्नु भनेको बर्बादी निम्त्याउनु हुनेछ । भ्रष्टाचारी, नेपोटिजम, बेबीइजम, अपराधीकरण गर्नेहरूलाई नेता मानिरहनु भनेको यथास्थिति हो, यथास्थिति भनेको मृत्यु हो । मृत्यु रोज्ने कि जीवन ? जेनजी र अन्य सबैको चेत फिर्नु जरूरी छ ।

भ्रष्टाचारीको अनुहार हेर्न भोग्न पुग्यो । हरेक दिन सुदन गुरूङ, देउवा, ओली, प्रचण्डको नयाँ नयाँ अवतार हेर्नुछैन अब । यिनले मुलुक लथालिङ्ग पारिसके, भाँडभैलो मच्चिइसक्यो । यस्ता राष्ट्रिय अपराधीहरूबाट मुक्ति खोज्दै भदौ २३ र २४ को आन्दोलन भएको हो । न त मुक्ति मिल्यो, न नयाँ संविधान पाइयो । उछिट्टिएर तावामा पो परियो । दुस्चक्रमा परे नेपाल र नेपाली । सम्भालिने बेला आयो ।

राजा भन्ने छन्, गणतन्त्रको बिकल्प नदेख्ने छन् । संघीयतामा लुटिरहन पाइयोस् भन्ने छन् । जातीयता, क्षेत्रीयता भन्नेहरू पनि छन् । समस्या अनेक छन्, विवाद अनेक छन् । देश टुक्रिए पनि स्वार्थसिद्ध गर्न पाइयोस् भन्ने धेरै छन् । यी सबैलाई राष्ट्रियताको लिकमा उभ्याएर देश विकास गर्नुपर्नेछ । शान्ति, स्थिरता, सुशासन ल्याउनैपर्ने छ । यसका लागि हिजो राजसंस्था थियो, आज कोही केही छैन । स्थापित नेताहरू सुध्रिएनन् र जेनजी बिद्रोह भएको हो । यो विद्रोहलाई यिनै षडयन्त्रकारीले सफल हुनदिएनन् । स्थिरता र शान्तिको आशा धेरै पर छ । मुलुक जोगाउने, अस्तित्व बचाउने हो भने राजसंस्था पुनर्स्थापनातिर लाग्नु नै कल्याढा हुने छ । हिजोका दिनमा राजसंस्थाको योगदान सम्झौं, बहुदल र लोकतान्त्रिक गणतन्त्रले दिएको पीडा सम्झौं । जेनजी पुस्ता एक हुनुपर्छ, बाटो बिराएको स्थिति सुधारिनुपर्छ र राष्ट्रिय एकतातिर अग्रसर हुनुछ । बुझौं, कुनै पनि खालका आन्दोलनले सही गन्तव्य दिनसक्दैन । आन्दोलन अराजकता बढाउने कार्यमात्र हुनेछ । जेनजीको काँध चढेर सत्ताँमा पुगेको सुशीला कार्की सरकारविरूद्ध अदालत र सडकमा एमालेले आन्दोलन छेडेको छ । राम्रो काम गरेको भए, बालबालिका नमारेको भए ओली सडकमा आउनैपर्दैनथ्यो । जेनजी पुस्ताको कमजोरी र सुशीला कार्की सरकारले गतिलो निर्णय गर्न नसक्दा अपराधीहरूको ठूलो स्वर सुन्नुपरेको छ ।

वर्तमान नेपाललाई सुरक्षित राख्ने र अस्तित्व बचाउने हो भने राजसंस्थासहितको संविधानको बिकल्प छैन । राजाले अभिभावकीय दायित्व निर्वाह गर्ने र निष्पक्ष र शान्तिपूर्ण तरिकाले स्वच्छ निर्वाचन गरेर राजनीति अघि बढाउने हो भने शान्ति, स्थिरता, सुशासनको सुरूआत हुनसक्छ । अन्तर्राष्ट्रिय विश्वास बढ्न जानेछ । अब पनि अपराधीहरूको राजनीतिको पछि लाग्ने हो भने मुलुक रहदैन । देशले खोजेको कुरा जनता र राजाको गठजोड हो । त्यसका लागि हामी सबै नेपाली एकहुनुपर्छ । समस्या बल्झिदो छ, समस्या थपिदो छ । अराजकता र अस्थिरताले गृहयुद्धको जोखिम बढिसकेको छ । नेपाली जनताको जागरूकताबाट नेपालीत्व बच्नसक्छ ।




# देशका महत्वपूर्ण कागजपत्र कसले बेचेर खायो ?

भारत र चीनले नेपालको चुच्चेनक्साका लिपुलेकबाट व्यापार गर्ने, राजमार्ग बनाउने, कैलाश मानसरोवर पर्यटनमार्ग सहज बनाउने सहमति गरे, व्यापार गर्न र कैलाश मानसरोवर पर्यटन मार्ग खोलिसकेका छन् । नेपाली भूभागमा भारतका स्थलसेनाध्यक्ष पुगेर त्यहाँको सुरक्षा व्यवस्थाको निगरानी गरिरहेका छन् । नेपालका तत्कालीन प्रधानमन्त्रीले चीनका राष्ट्रपतिसमक्ष यो विषयको उठान गरेका थिए, चीनले नेपाल भारतवीच कूटनीतिक समझदारीबाट समस्याको हल हुने बताएका थिए । यसैवीच नेपालमा जेनजी बिद्रोह भयो, नेपाल अस्थिरतामा फस्यो ।

चीनले नेपालको सार्वभौमिकताको सम्मान गर्ने र नेपाल भारतवीच कूटनीतिक वार्ताबाट यो समस्या हल हुने भनेर गरेको विश्वास अधरमा परेको छ ।

भारतले नेपालको चुच्चे नक्साका सबै भूभाग भारतको नक्सामा राखिसकेको छ । यो विवाद गम्भीर विषय थियो । यस्तो अवस्थामा नेपालले सुगौली सन्धिदेखि भए गरेका सन्धि सहमतिका महत्वपूर्ण कागजात प्रमाण रूपमा सार्वजनिक गर्नुपर्ने हो, तर होचाकी जोई सबैकी भाउजुको उखानजस्तो स्थितिमा नेपाल पुग्यो ।

सीमाविद बुद्धिनारायण श्रेष्ठले गम्भीर सवाल उठाउनु भएको छ- देशका महत्वपूर्ण कागजपत्र कसले बेचेर खायो ? सुगौली सन्धिको मूल कपी जति खोजे पनि पाउन सकिएन । कहाँ छ सुगौली सन्धिको सक्कल कागज ? सन १९५० को सन्धिको मूलप्रति लण्डनको एक निजी पुस्तकालयमा मात्र छ । कसले बेच्यो ?

पत्रपत्रिका, भेटवार्ता, कार्यक्रम र टीभी प्रोग्राममा अन्तर्वार्ता दिदै सीमाविद बुद्धिनारायण श्रेष्ठ चिच्याइरहनु भएको छ- सन्धिका सक्कलप्रति खोज्ने क्रममा नेपालदेखि अमेरिका, बेलायत पुगें, कतै पनि पाउन सकिन । सर्वोच्च अदालतले सक्कल प्रति बुझाउन आदेश दिए पनि पालना हुनसकेको छैन । सरकारले बुझाउन नसकेको लामो समय भइसक्यो । बुद्धिनारायण श्रेष्ठ भन्नुहुन्छ- 'नापी विभाग वा नेपाल सरकारको कुनै निकायमा नेपालको आधिकारिक नक्सा भए त्यसको प्रमाणित प्रतिलिपि तथा सो नक्सा बनाउँदाको ऐतिहासिक पृष्ठभूमि उल्लेख गर्ने सन् १८१६ को सुगौली सन्धिको अनुसूचीसहितको प्रतिलिपि सार्वजनिक भइसक्नुपर्ने थियो । सर्वोच्चको आदेशमा सन् १८६० को ब्रिटिस इन्डियासँगको सन्धि, सन् १८२७ फेब्रुअरी १ मा इस्ट इन्डियाले प्रकाशित गरेको नेपालको नक्सा र सन् १८४६ मा लन्डनमा प्रकाशित भएको भनिएको नेपालको नक्साको प्रतिलिपिसमेत दाखिल गर्न आदेश दिएकोमा त्यो पनि दाखिला हुन सकेको छैन । प्रष्ट छ, अदालतको आदेशको सरकारले पालना नगर्नुको कारण सरकारसँग सन्धिका सक्कल प्रति नै छैन ।

यसपछि प्रश्न उठेको छ- सक्कल प्रतिहरू कसले बेच्यो ? बेचेर खायो ?

भारतले आफ्नो नक्सामा नेपालका कालापानी क्षेत्र समावेश गरेर नक्सा जारी गरेपछि नेपालले पनि सर्वसम्मत रूपमा संसदबाट पारित गरेर चुच्चेभाग सहितको आधिकारिक नक्सा जारी गरिसकेको छ । भारतले नक्सा जारीगरेपछि त्यो नक्सा खारेज हुनुपर्छ र संविधानमा छापिएको नेपालको नक्सा संशोधन गरी अध्यावधिक गर्नुपर्छ भन्ने माँग राखी अधिवक्ता विश्वप्रकाश भण्डारीले सर्वोच्चमा मुद्दा दायर गरेका थिए । त्यो मुद्दाको सुनवाईको क्रममा सर्वोच्च अदालतले नेपालको आधिकारिक भूगोल दर्शाउने दस्ताबेज देखाउन आदेश दिएको थियो ।

नेपालको चुच्चे नक्सा साबुत छ तर चुच्चे नक्साका भूभागमा भारतीय शासन स्थापित भइसकेको छ । सत्ता र शक्तिका लागि राजनीतिक प्रतिस्पर्धा चलिरहेको छ । आफू उभिएको धर्तिमा विदेशी शासन स्थापित भइसक्दा पनि ठूला पार्टीहरू, जेनजी पुस्ता र नागरिक समाज कोही चुँ बोल्दैनन् । लिपुलेक, लिम्पियाधुरा, कालापानी नेपाली भूभाग हुन् कि होइनन्, ती भूभागमा नेपाली बसोबास गर्छन् कि गर्दैनन्, कुनै नेता नबोल्नु देशको दुर्भाग्य हो ।

विभिन्न कालखण्डको भौगोलिक सिमानाको नक्साको अभिलेख, नेपाल राज्य वा नेपाल सरकार पक्ष भई अन्य मुलुक वा अन्तर्राष्ट्रिय संस्थासँग दुईपक्षीय वा बहुपक्षीय रूपमा गरेका सन्धि, महासन्धि, सम्झौता, सम्मेलन आदिको अभिलेख खोजिरहेको दुरूस्त राख्ने प्रवन्ध नेपाल सरकारले किन गर्न नसकेको होला ? छन त राष्ट्रिय अभिलेखालय पनि छ, त्यहाँ यस्ता कागजपत्र केही दुरूस्त छैनन् ।

स्मरणीय छ- नेपाल सरकार र इस्ट इन्डिया कम्पनीबीच २ डिसेम्बर १८१५ मा सुगौली सन्धिमा हस्ताक्षर भएको थियो । युद्धको यही हो सुगौली सन्धि र युद्धको अन्त्य पनि । जसबाट नेपालले आफ्नो अधीनस्थ भूमिको एक तिहाइभन्दा बढी भूभाग गुमाएको थियो र अहिलेको भूगोल निर्धारण गरिदिएको थियो । सन्धिमा नेपालका तर्फबाट ***गजराज मिश्र र चन्द्रशेखर उपाध्याय तथा कम्पनी सरकारका तर्फबाट लेफ्टिनेन्ट प्यारिस ब्राडस*** थिए । पछि थाहा भयो यो सन्धिपछि मिश्र र उपाध्यायले भारतका विभिन्न ठाउँमा ठूलो मौजा अंग्रेजबाट उपाहारमा पाएका थिए । यसकारण पनि सन्धिमा नेपालका प्रतिनिधि जालझेलमा परेका हुनसक्छन् भने त्यो सन्धिको सक्कलप्रति नेपाल सरकारसँग नहुनु दुःखद छ । नेपाली भूभाग लिपुलेकक्षेत्र र थप २३ जिल्लाका ६० हजार हेक्टर नेपाली भूगोल अतिक्रमणमा परेको छ । नेपाल, भारत र चीनको त्रीदेशीय सीमाविन्दुमा भारतले खिचलो झिकेको र चीनले पनि नेपालको पक्षमा उदासिनता देखाएकाले नेपालको सार्वभौमिकता खतरामा पुगेको छ ।

अब प्रश्न उठ्छ- लोकतान्त्रिक गणतन्त्रले देशको रक्षा गर्न सकेन । नेपाली भूभागको रक्षा, सुरक्षा नै गर्न नसक्ने हो भने यो संविधान, यो पद्धति किन चाहियो ? आफू उभिएको भूमि रक्षा गर्न नसक्ने शासन, प्रशासन र नेताहरू किन चाहियो ? नेपाली जनताले नै स्वराज बचाउनुपर्ने भयो । *-डा.बिनिता*

## कर्मचारीजस्ता राजदूत

फिर्ता बोलाइएका ११ राजदूतहरू लोकदर्शन रेग्मी (अमेरिका), कृष्णप्रसाद ओली (चीन), चन्द्रकुमार घिमिरे ( बेलायत), शैल रूपाखेती (जर्मनी), धनप्रसाद पण्डित (इजरायल), डाक्टर नेत्रप्रसाद तिमल्सिना (मलेसिया), रमेशचन्द्र पौडेल (कतार), जंगबहादुर चौहान (रूस), नरेशविक्रम ढकाल ( साउदी अरब), शनिल नेपाल (स्पेन) र डा. दुर्गाबहादुर सुवेदी (जापान) रहेका छन् । तीमध्ये अमेरिकाका लागि रेग्मी, चीनका लागि ओली, बेलायतका लागि घिमिरे र कतारका लागि पौडेलले राजीनामा दिएका छन् । उनीहरूको राजीनामा स्वीकृति भएको छ ।

सर्वोच्चको आदेशपछि पुनः बहाल हुन पाइने केही राजदूतहरू ऱ्याल काढेर बसेका छन् भने जो नेपाल फर्केका छन्, तिनीहरू परराष्ट्रमा हाजीर गरेर फर्कने, हाटा कर्मचारीजस्ता छन् । आफ्नो नियुक्तीलाई सरकारले खारेज गरिसकेपछि पनि राजदूतको हैसियतमा बसिरहनु यी राजदूतहरूको कर्मचारी सोचको आलोचना भइरहेको छ ।

## बिजुलीको सुरक्षित प्रयोग गरौं

- भिजेको वा चिसो हातले बिजलीको तार तथा उपकरण नचलाऔं,
- बालबालिकाले भेट्ने गरी बिजलीका तार तथा सकेट नराखौं,
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं,
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं,
- आगलागी भएमा तत्काल मुख्य स्वीच बन्द गरौं,
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने ब्यवस्था मिलाऔं,
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं ।

सावधानी अपनाऔं, सुरक्षित रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

